# अध्याय एक

# परिचय (Introduction)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

मानव जातिको सृष्टिदेखि नै प्रत्यक्ष, अप्रत्यक्ष रूपमा शिक्षाको विकास हुदै आएको पाइन्छ । समयको क्रमसंगै नेपालको शिक्षा आजको अवस्थासम्म आइपुगेको छ । शिक्षा मानव संसाधन विकासको दीर्घकालिन आधार हो । नेपालको शिक्षा प्रणालीलााई हेर्दा प्राचीनकालीन शिक्षाको स्वरूप विशेष गरी धार्मिक शिक्षाको रूपमा विभिन्न मठमन्दिर, गुम्बा, विहार आदि जस्ता धार्मिक स्थलबाट ऋषिमुनिहरूबाट दिइने गरिन्थ्यो । समयको क्रम संगसंगै शिक्षा दिने र लिने प्रक्रिया वर्तमान समयसम्ममा आइपुग्दा धेरै सुलभ र सहज हुन पुगेको पाइन्छ (अधिकारी, २०७३) ।

शिक्षा जीवनको आधार हो जसले अन्य विभिन्न क्षेत्रमा गरिने लगानीले भन्दा भविष्यमा उच्च प्रतिफल दिने गर्दछ । नेपालमा औपचारिक रूपमा शिक्षाको आरम्भ वि.सं. १९१० सालबाट भएको भए तापनि त्यस बखत तत्कालीन राणा परिवारका लागि मात्र शिक्षाको अवसर थियो । वि.सं. २००७ सालपछि शिक्षामा व्यापकता आउन थालेको थियो । यस समयको शैक्षिक तथ्याङ्कलाई हेर्ने हो भने नेपालका २% जनसंख्या मात्र साक्षर थिए । २००७ सालसम्म आइपुग्दा एउटा कलेज, एघारवटा माध्यमिक विद्यालय र तीनसय बाइसवटा प्रा.वि.को स्थापना भइसकेका थिए । प्रजातनत्रको स्थापना भएपश्चात् भने शिक्षा क्षेत्रमा निरन्तर विकास हुदा विभिन्न शिक्षासंग सम्बन्धित आयोग, प्रतिवेदन, ऐन नियमहरू तयार गरी शिक्षा सर्वसुलभ, द्धअनिवार्य, निःशुल्क सम्मको अवस्थामा आज आइपुगेको छ ( राष्ट्रिय शिक्षा आयोग, २०४९) ।

समय परिस्थिति अनुसार राष्ट्रको समग्र विकासको लागि चाहिने जनशक्तिको आवश्यकता पूरा गर्न सोहीअनुरूप शिक्षा नीति तय गर्न थालियो । शिक्षाको गुणस्तरमा वृद्धि गर्नको लागि विभिन्न विषयमा अध्ययन अनुसन्धान, सर्वेक्षण गर्न थालियो । रा.शि.प.यो २०२८ पछि शिक्षा प्रणालीमा आमुल परिवर्तन देखापर्‍यो जसले नेपालको शिक्षा विकासमा नयाँ गति जोस जागर थप गरियो (रा.यो.आ. २०५९) ।

नेपालमा बसोबास गर्ने सबै नेपाली नागरिकहरूलाई प्रजातन्त्रको स्थापना भएपश्चात वि.सं. २००७ सालबाट शिक्षा आर्जनको लागि स्वतन्त्रता मिलेको थियो । त्यस समयपश्चात् शिक्षालाई सर्वव्यापी बनाउने लक्ष्यअनुसार शिक्षासम्बन्धी विभिन्न आयोग प्रतिवेदन, ऐन नियमहरू निर्माण साथै कार्यान्वयन हुदै आए । जसअनुसार सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ एउटा हो, जसले कक्षा १-५ सम्मलाई प्राथमिक शिक्षा मानेको थियो भने ६-१० माध्यमिक शिक्षा भनी स्वीकारेको थियो । त्यसैगरी रा.शि.प.यो २०२८ ले १-३ प्राथमिक ४-७ नि.मा. र ८-१० मा.वि. गरी तीन तहमा वर्गीकरण गरेको थियो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले कक्षा १-५ प्रा.वि., ६-८ नि.मा. र ९-१० मा.वि. गरी विद्यालय शिक्षालाई तीन तहमा वर्गीकरण गरेको थियो । उच्च स्तरीय राष्ट्रिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पनि राष्ट्रिय शिक्षा आयोगको संरचनालाई नै स्वीकार गरेको थियो । त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले कक्षा १-८ लाई आधारभूत र ९-१२ लाई माध्यमिक शिक्षा भनी घोषणा गरेको थियो तापनि व्यवहारत कार्यान्वयन भने हुन सकेन तर शिक्षाको संशोधन भएसंगै विद्यालय शिक्षा संरचना १-८ आधारभूत र ९-१२ माध्यमिक गरी २ तहमा वर्गीकरण भई कार्यान्वयन भइरहेको छ (श्रेष्ठ र बस्न्यात २०६७) ।

प्रजातन्त्रको स्थापना भएपश्चात् नेपालमा शिक्षाको विकास तथा विस्तार क्रमशः हुँदै आएको छ । वि.सं. २०७६ को तथ्याङ्कलाई हेर्दा नेपालमा कुल ३५६०१ विद्यालय संचालनमा रहेका छन् जसमा सामुदायिक विद्यालय २९०३५ वटा रहेका छन् (उपाध्याय, २०७६) । शिक्षा ऐन (आठौं संशोधन) अनुसार विद्यालय शिक्षालाई बालशिक्षा, आधारभूत र माध्यमिक शिक्षा गरी विभाजन गरेको छ । जसमध्ये बाल शिक्षा सहितको आधारभूत तह (१-८) २७९७४ सञ्चालित रहेका छन् भने माध्यमिक तह ६२३० रहेका छन् (कोइराला, २०७५) । यस समयमा २,३८,२०७ शिक्षक कार्यरत रहेका छन् भने ३३१२०६२ विद्यार्थी अध्ययनरत रहेका छन् (उपाध्याय, २०७६) वि.सं. २०७६ सालको विद्यार्थी भर्नादरको वास्तविक रूपमा कोरोनाको कारणबाट उपलब्ध नभएपनि ०७६ कै हाराहारीमा रहेको मान्न सकिन्छ ।

विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउन राज्यले शिक्षामा प्रत्येक वर्ष बजेट विनियोजन गर्दै आएको छ । प्रत्येक वर्ष विनियोजन हुने कुल बजेटको वृद्धिसंग शिक्षा

क्षेत्रको बजेटको मात्रामा पनि वृद्धि भने हुने गरेको छ । तर यसलाई प्रतिशतमा रूपान्तरण गरेर हेर्दा शिक्षामा गरिएको लगानीको प्रतिशत वृद्धि खासै भएको छैन आर्थिक वर्ष २०७६/७७ को कुल बजेट १५ खर्व ३२ अर्ब रहेकोमा शिक्षा क्षेत्रमा १ खर्ब ६३ अर्व विनियोजन गरिएको थियो । जसलाँई प्रतिशतमा हेर्दा १३.६८५ हुन्छ । केन्द्रीय बजेट १०.६८% र प्रादेशिक र स्थानीय बजेट ३% रहेको छ । आर्थिक वर्ष २०७९/८० ले कुल बजेट १७ खर्ब ९३ अर्ब ८३ करोड मध्ये शिक्षा क्षेत्रमा १ खर्ब ८० अर्ब ४ करोड जुन कूल बजेटको ११.९२% शिक्षा क्षेत्रमा विनियोजन गरिएको छ । समाजमा विद्यमान विभिन्न जातजाति धर्म समुदाय, लिङ्ग, गरिब, अपाङ्ग, द्वन्द्वपीडित आदि सबै समूहका बालबालिकालाई समान अवसरका साथ शिक्षा प्रदान गर्ने उद्देश्यले छात्रवृत्ति, दिवाखाजा, घुम्ती शिक्षा सेनिटरी प्याड, अपाङ्ग, मैत्री शिक्षण प्रक्रिया जस्ता कार्यक्रम संचालित रहेका छन् । यस्ता विभिन्न कार्यक्रमले गर्दा शैक्षिक अवस्था कम हुने र विद्यालय छोड्ने अनि दोहोऱ्याउने दरमा कमी हुने अपेक्षा राखिएको छ (अर्थ मन्त्रालय, २०७६) ।

वि.सं. २०२८ देखि २०४९ सम्म नेपालको शिक्षामा लागु भएको लागत सहयोगितालाई हेर्दा शिक्षामा गरिने लागतमा अभिभावकको ठूलो योगदान रहेको छ । तत्कालीन योजना अवधिमा विद्यालयको भौतिक निर्माण तथा व्यवस्थापनमा जनसहभागिता साथै विद्यालयलााई हेर्दा र अन्य विभिन्न शीर्षकमा शुल्क तिरी अभिभावकले शैक्षिक लागतमा करिब ६०% लगानी गरेको स्पष्ट हुन्छ (शिक्षा विभाग, ०६७) ।

सामान्य अर्थमा लागत भन्नाले वस्तु तथा सेवाको उत्पादन गर्ने क्रममा लाग्ने खर्चलाई बुझाउँदछ । शैक्षिक लागतले शिक्षा आर्जन गर्नका लागि गरिने खर्चलाई बुझाउँदछ । अथवा शैक्षिक कार्यक्रम संचालन गर्न गरिने खर्चलाँई नै शैक्षिक लागत भनिन्छ । शैक्षिक कार्यक्रम संचालन गर्नु पनि कुनै उद्योग संचालन गर्नु जस्तै हो, जसको संचालन गर्न पनि श्रम, पूँजी, भूमि, संगठन आदि जस्ता उत्पादनका साधनको आवश्यकता पर्दछ र यस्ता उत्पादनका साधनलाई भुक्तानी गर्नु पर्दछ । यही उत्पादनका साधन प्रयोग गरेबापत भुक्तानी गरिने खर्चलााई शैक्षिक लागत भनिन्छ (दाहाल, २०७०) ।

लागत शब्दलाई धेरै तरिकाले यसलाई प्रयोग गरिने उद्देश्य अनुसार परिभाषित गर्न सकिन्छ । शैक्षिक योजनासंग सम्बन्धित भई (UNESCO) ले दिएको परिभाषा यस प्रकारको छ । लागत मात्राले शैक्षिक कार्य संचालनका लागि आवश्यक सबै साधनको मौद्रिक मूल्य

हो र यसलाई शैक्षिक अधिकारीहरूले उपलब्ध गराउनु पर्दछ । लागतलााई चालु पूँजीगत, प्रत्यक्ष-अप्रत्यक्ष, निजी-सामाजिक, एकाइ-चक्रीय, अवसर लागत आदि विभिन्न तरिकामा वर्गीकरण गर्न सकिन्छ ।

लागत अथवा लगानी शब्दलाई उद्देश्यअनुसार फरक फरक तरिकाले परिभाषित गर्ने गरिन्छ । यहाँ शिक्षा क्षेत्रमा गरिएको लगानी यसको अपेक्षित उपलब्धिसंग सम्बन्धित छ । यसर्थ शिक्षा क्षेत्रमा धेरथोर प्रत्येक वर्ष मात्रात्मक रूपमा लगानी वृद्धि भएको नै छ तर शैक्षिक उपलब्धि भने लगानी अनुरूप सन्तोषजनक भएको पाइँदैन । किनकि प्रत्येक वर्ष थपिँदै जाने शैक्षिक बेरोजगारी दरले यसलाई पुष्टि गर्दछ । यसर्थ देशको आवश्यकतालाई हेरी तदनुरूपको प्राविधिक साथै रोजगारमूलक शिक्षालाई प्राथमिकतामा राखी सोही अनुरूपको शिक्षामा लगानी समेत वृद्धि गर्दै शिक्षालाई उपलब्धिमूलक बनाउनु आजको आवश्यकता हो (पौडेल र शिवाकोटी, २०७३) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

शिक्षा कुनै पनि व्यक्ति, परिवार, समुदाय साथै समग्र राज्यकै विकासको निम्ति आधार स्तम्भ हो । अझ भन्नु पर्दा शिक्षालाई जीवनको ज्योतिको रूपमा लिने गरिन्छ । यसर्थ हरेक तहको शिक्षा उपल्लो तहको आधारको रूपमा पनि रहने गर्दछ, सोहीअनुरूप माध्यमिक तहको शिक्षा पनि उच्च शिक्षाको आधारको रूपमा रहन्छ । माध्यमिक शिक्षाको क्षमता साथै गुणस्तर वृद्धि गर्न सके मात्र उच्च शिक्षाको अवसर प्राप्त हुने र रोजगारी वृद्धि गर्न सकिने भएको कारणले गर्दा माध्यमिक शिक्षामा लगानी र उपलब्धिलाई अभिवृद्धि गर्नु आजको आवश्यकता बनेको छ । राज्यले गर्दै आएको लगानी वृद्धिले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क त बनाएको छ तर यसै पर्याप्त भने मान्न सकिन्न ।

उच्च शिक्षाको आधारको रूपमा लिइने माध्यमिक तहको अन्तिम परीक्षा कीऋ सर्वप्रथम वि.सं. १९९० सालबाट नेपालमा संचालन हुन थालेको थियो । उक्त समयदेखि आजको अवस्थासम्म आइपुग्दा धेरै उतार चढावहरू आएका छन् । शैक्षिक तथ्याङ्क २०६८ अनुसार वि.सं. २००७ सालमा ११ वटा माध्यमिक विद्यालय संचालन रहेका थिए भने वि.सं. २०७५ सम्म आइपुग्दा ६२३० पुगेका छन् । यसरी संख्यात्मक रूपमा विद्यालयको संख्या वृद्धि हुदै गए पनि अपेक्षित प्रतिफल सन्तोषजनक हुन सकेको छैन (भट्टराई, २०७३) ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रम संचालन पछि यसले विभिन्न क्षेत्रमा लगानी गर्न थालेको छ । यसले पनि उपलब्धि स्तर खासै वृद्धि गर्न नसकेको SLC परीक्षाको नतिजाले पुष्टि गर्दै आएको थियो । वर्तमान SEE नतिजामा भने केही सुधार भएको पाइन्छ । शिक्षाको गुणस्तरलााई वृद्धि गर्नको लागि पाठ्यक्रमलाई समयक्रमसंगै परिमार्जन मात्र होइन कि परिवर्तन नै गर्नुपर्दछ, त्यस्तै शिक्षालाई प्रविधिसंग जोड्दै प्रविधिमैत्री बनाउनु, शिक्षक तालिम, शैक्षिक सामग्री आदिमा वृद्धि गर्दै जान आवश्यक देखिन्छ । राज्य साथै विभिन्न संघसंस्थाबाट शिक्षा क्षेत्रमा गरिने लगानी वृद्धिको कारणले विद्यार्थी भर्नादरमा पनि वृद्धि हुँदै आएको छ तर पनि देशका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन भने हुन सकेको छैन । यसको लागि भर्नादरमा वृद्धि गर्नु साथसाथै कक्षा छोड्ने र दोहोऱ्याउने दरमा पनि कमी गर्दै प्राविधिक साथै वैज्ञानिक शिक्षालाई आवश्यकताको रूपमा लिनु पर्दछ ।

सरकारले माध्यमिक शिक्षालाई पूर्ण रूपमा निःशुल्क घोषणा गरेको अवस्थामा माध्यमिक तहको विद्यार्थी प्रवाहदर अज्ञात जस्तो देखिन्छ । माध्यमिक तह पूरा नगरी पढाइ छोड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थीको अवस्थालाई सरकारले कुनै लेखाजोखा गरेको देखिँदैन । माध्यमिक तहमा भर्ना भएका सबै विद्यार्थीले दुई वर्षको चक्रीय अवधिमा उक्त तह पार गरेका छन् वा छैनन् भन्ने कुराको खोजी गरेको छैन । यस्तो अवस्थामा लगानी अनुरूप शैक्षिक उपलब्धि कस्तो रहेको छ भनी पत्ता लगाउनु आवश्यक रहेको छ ।

## १.३ अध्ययनको महत्त्व (Importance of the Study)

सामुदायिक माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि सन्दर्भमा वैज्ञानिक साथै व्यवस्थित अध्ययन अनुसन्धानको अझै अभाव रहेको छ । अथवा शैक्षिक क्षेत्रमा गरिने अधिक लगानी र शैक्षिक उपलब्धि बिच व्यवस्थित रूपमा अध्ययन भएको पाइँदैन । यसर्थ यस तहको आर्थिक लगानी र शैक्षिक उपलब्धि बारेमा तथ्यपरक अध्ययन गरी सही निष्कर्ष प्रस्तुत गर्न सकेमा यस विषय सम्बन्धी रुचि राख्ने अध्येतालाई सहयोग पुग्ने अपेक्षा राखेको छु ।

सामुदायिक विद्यालयमा गरिने आर्थिक लगानी उपलब्धिमूलक हुन नसकेको भन्ने सर्वत्र चर्चा रहदा यसको वास्तविकता कस्तो रहेको छ भनी बुझ्नलाई यस अध्ययनले केही मात्रामा सहयोग पक्कै पनि गर्ने छ । विशेष गरी यो अध्ययन माध्यमिक तह (९-१२) मा

केन्द्रित रही यस तहमा गरिने आर्थिक लगानी र लगानी अनुरूप शैक्षिक उपलब्धि कस्तो रहेको छ यससंग केन्द्रित रहेको छ । कुनै पनि राष्ट्रको विकासका लागि शिक्षा अपरिहार्य हुन्छ । यसर्थ माध्यमिक तहको शिक्षाले मध्यमस्तरीय जनशक्ति तयार गर्ने र उच्च शिक्षाको आधारको रूपमा कार्य गर्ने गर्दछ । यसर्थ शिक्षालाई गुणस्तरीय र जीवन उपयोगी बनाउन यसै तहबाट प्राविधिक शिक्षा थालनी गर्न आवश्यक छ । शिक्षालाई रोजगारमूलक बनाउन सकेमा शिक्षामा गरिएको लगानी सार्थक, उपलब्धिमूलक बन्ने छ र यसले समग्र विकासमा टेवा पुऱ्याउने छ । यसर्थ माध्यमिक शिक्षालाई समय सापेक्ष वैज्ञानिक साथै प्राविविधक बनाउन वित्तिय क्षेत्रको अध्ययन गर्नु आवश्यक छ ।

विशेष गरी यो अध्ययन सामुदायिक माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि बिचको सम्बन्ध अध्ययन गर्नुसंग सम्बन्धित रहेको छ । यस अध्ययनको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. फाक्फोकथुम गा.पा. इलाममा रहेका सामुदायिक माध्यमिक विद्यालयको आर्थिक लगानी विश्लेषण गर्नको लागि यो अध्ययन महत्त्वपूर्ण रहेको छ ।

२. माध्यमिक तहको शैक्षिक उपलब्धि पत्ता लगाउन यो अध्ययन महत्त्वपूर्ण रहेको छ ।

३. आर्थिक लगानी र शैक्षिक उपलब्धि बिचको सम्बन्ध अध्ययन गर्न विशष महत्त्व राखेको छ ।

४. भविष्यमा यस विषयमा थप अध्ययन गर्न चाहने विद्यार्थीका लागि सन्दर्भ सामग्रीका रूपमा यस अध्ययनको महत्त्व रहेको छ ।

## १.४ अनुसन्धान प्रश्नहरू (Research Question)

माध्यमिक शिक्षा सम्बन्धमा विभिन्न खोज, अनुसन्धान साथै अध्ययन भए तापनि यस तहमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धि बिच सम्बन्धित रही तथ्यपरक, उद्देश्यमूलक रूपमा अध्ययन गरी समस्यालाई सार्थकता दिने खालको अध्ययन भएको पाइँदैन । यसर्थ निम्नलिखित प्रश्नको सहायताले वास्तविकतालाई बुझ्ने प्रयास गरिएको छ :

(क) सामुदायिक माध्यमिक तहको आर्थिक लगानी कस्तो छ ?

(ख) सामुदायिक माध्यमिक तहको शैक्षिक उपलब्धि लगानी अनुसार छ कि छैन ?

(ग) कक्षा छोड्ने, दोहोऱ्याउन र उत्तीर्ण दर कस्तो रहेको छ ?

(घ) आर्थिक लगानी र शैक्षिक उपलब्धि बिचको सम्बन्ध कस्तो रहेको छ ?

## १.५ अध्ययनको उद्देश्य (Objectives of the Study)

उद्देश्यले कुनै पनि कार्यलाई व्यवस्थित रूपमा सुसम्पन्न गरी निर्माण गरिने विस्तृत विवरणलाई जनाउँदछ । यसर्थ यस अनुसन्धानलाई विस्तृत रूपमा अध्ययन गर्न शोधकर्ताको निम्न उद्देश्य रहेका छन् :

(क) माध्यमिक शिक्षामा आर्थिक लगानी विश्लेषण गर्नु,

(ख) माध्यमिक विद्यालयमा शैक्षिक उपलब्धि पत्ता लगाउनु,

(ग) शैक्षिक लगानी र शैक्षिक उपलब्धि बिचको सम्बन्ध अध्ययन गर्नु ।

## १.६ अध्ययनको परिसीमाहरू (Delimitation of the Study)

अनुसन्धानको परिसीमाले अध्ययनले समेट्ने क्षेत्रलाई बुझाउँदछ । सीमित स्रोत साधन, विधि प्रक्रिया, समय आदिका कारणले यस अनुसन्धानमा सीमित विषयवस्तु मात्र समेटिएको छ । इलाम जिल्ला फाक्फोकथुम गा.पा.को सामुदायिक माध्यमिक विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धिमा सीमित गरिएको छ ।

(क) प्रस्तुत शोधप्रस्तावना इलाम जिल्लाको फाक्फोकथुम गा.पा.मा मात्र सीमित रही अध्ययन गरिएको छ ।

(ख) प्रस्तुत अध्ययन माध्यमिक विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धिमा केन्द्रित रहनेछ ।

(ग) यो अध्ययन उक्त गा.पा.मा रहेका ५ वटा मा.वि. मध्ये छनोटमा पर्ने ३ वटा मा.वि.मा सीमित रहने छ ।

(घ) प्राथमिक र द्वितीय साधनको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

(ङ) सामुदायिक माध्यमिक विद्यालयमा मात्र सीमित रहनेछ ।

(च) आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ दुई वर्षको तथ्याङ्क समावेश गरिएको छ ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस शोधप्रस्तावनाको अध्याय एकमा परिचय खण्ड रहेको छ । उक्त अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्त्व, अनुसन्धान प्रश्न, अध्ययनको उद्देश्य, परिसीमा र प्रमुख शब्दावली समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ । जसअन्तर्गत अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, पूर्वसाहित्यको समीक्षा अध्ययनको कार्यात्मक ढाँचा रहेको छ । अध्याय तीनमा विधि र प्रक्रियाहरू, यसमा जनसंख्या नमुना आकार र नमुना छनोट रणनीति, जनसंख्या तथ्याङ्कका स्रोत, तथ्याङ्क संकलनका साधन, विधिहरू समावेश गरिएको छ । यस्तै अध्याय चारमा अध्ययन क्षेत्र (फाक्फोकथुम गा.पा. इलाम) को परिचय राखिने छ जसमा छनोट गरिएका विद्यालयको आर्थिक, भौतिक, शैक्षिक अवस्थाको विवरण समावेश गरिएको छ । अन्तिम वा पाँचौं अध्यायमा तथ्यांकको विश्लेषण, निष्कर्ष प्राप्ति र सुझाव प्रस्तुत गरिने छ । यसको साथै अनुसूची, सन्दर्भसूचि पनि समावेश गरिएको छ ।

## अध्याय दुई (Chapter Two)

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (Review of the Literature and Theoretical Framework)

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature)

शर्मा (२०६७) का अनुसार शिक्षा प्राप्त गर्नका लागि वा शैक्षिक कार्यक्रम संचालनका लागि गरिने सम्पूर्ण खर्च नै लागत हो । शिक्षा ज्ञानको ज्योति हो जसको प्रकाशले जीवनका सम्पूर्ण अवययहरू छर्लङ्ग पार्नका साथै मानव जीवनलाई सार्थकता पारिदिन्छ । यसर्थ राज्यले शिक्षाका लागि लगानी गर्दछ । यदि शिक्षा गुणस्तरीय भएमा बीचैमा विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने जस्ता दुर्भाग्यपूर्ण स्थितिबाट बच्न सकिन्छ । शिक्षा क्षेत्रमा गरिएको लगानीले उत्पादन भएका सम्पूर्ण विद्यार्थीलाई उपलब्धिका रूपमा लिन सकिन्छ । उपलपब्ध साधन स्रोतको कुशलतापूर्वक उच्चतम रूपमा परिचालन गर्न सके शैक्षिक सफलता पनि उच्च हुन्छ । जसले गर्दा विद्यालयको आन्तरिक दक्षता पनि राम्रो हुन्छ । अर्को शब्दमा भन्दा जुन शिक्षा पद्धति वा विद्यालयले साधन स्रोतको अर्थपूर्ण, उद्देश्यपूर्ण एवम् प्रभावकारी रूपमा प्रयोग गर्दछ शैक्षिक उपलब्धि बढी हासिल गर्ने गर्दछ । यसको अर्थ शैक्षिक क्षतिमा कमी हुनु हो । वा कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी हुनु हो ।

थापा (२०७०) का अनुसार शिक्षामा गरिएको लागनीबाट अपेक्षित प्रतिफल प्राप्त भए जस्तो पाइँदैन । यसैले लगानी र यसबाट प्राप्त हुने प्रतिफलको लेखाजोखा गरी निश्चित अवसर तोकी लगानी गर्ने प्रवृत्तिको विकास गर्न आवश्यक छ । बढी मेहनतको साथ ल्याएको रकम हल्का रूपमा लागत लाभको हिसाब नगरी खर्च गरेको पाइन्छ । नीति नियम सबैमा वास्तविक लक्ष्य तथा प्रतिवद्धताको कमी छ । राजनैतिक तथा नीहित स्वार्थको बढी हावी भएको देखिन्छ । अर्कोतिर प्रति विद्यार्थी लागत निकै बढेको छ तर उच्च लगानीको उच्च सदुपयोग नभई अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । यस अवस्थामा स्वस्थ लक्ष्य दिने आवश्य प्रतिवद्धताको उपयुक्त रूपमा लगानी गर्ने र लगानीमा पारदर्शिता कायम गर्ने प्रभावकारी अनुगमन गर्ने जस्ता कार्य गरेमा नेपाली शैषिक लगानीबाट आशातित प्रतिफल प्राप्त पक्कै पनि हुनेछ ।

Harbinson and Mayer (1968) ले ७५ वटा देशलाई शैक्षिक जनशक्तिले कुल राष्ट्रिय उत्पादन (GNP) मा पारेको प्रभाव वारेमा अध्ययन गरेका थिए । उनीहरूले प्राथमिक, माध्यमिक र उच्च माध्यमिक तहको अध्ययन गरेका थिए । कुल राष्ट्रिय उत्पादनमा प्राथमिक शिक्षा लिएकोले भन्दा उच्च शिक्षा लिएकोले बढी गरेको पाइयो । यसर्थ १० देखि २० वर्षमा GNP दोब्बर बनाउने हो भने प्राथमिक शिक्षामा २ गुणाले माध्यमिक शिक्षामा ५ गुणाले र उच्च शिक्षामा १० गुणाले लगानी वृद्धि गर्नु पर्दछ । साथै उच्च शिक्षा लिएकालाई पूर्ण रोजगारी दिनु पर्दछ । त्यसैगरी Thumb Employment and Oupercal rule अनुसार भर्नादरलााई पनि ५ गुणाले वृद्धि गरेमा पूर्व निर्धारित GNP प्राप्त गर्न सकिन्छ ।

राष्ट्रिय योजना आयोग (२०७३) नेपाललाई अल्पविकसित राष्ट्रको सूचीबाट मुक्त गरी विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन शिक्षामा लगानीको आवश्यक देखिन्छ । शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने सबै तह शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने शिक्षालाई रोजगारी उन्मुख बनाउन गुणसतरमा सुधार ल्याउन आर्थिक सामाजिक लक्ष्य हासिल गर्न तर्फ लक्ष्य उन्मुख रहेको देखिन्छ । नेपालमा शैक्षिक भर्ना, टिकाउदर, कक्षा छोड्नेदर सन् २०१५/१६ सम्ममा कक्षा एकमा बालविकासको अनुभव सहित भर्ना हुन आउने बालबालिका ६२.४ प्रतिशत र ४ वर्षे योजनाको लक्ष्य २०१८/१९ सम्म ६८.५ पुऱ्याउने लक्ष्य राखेको छ । त्यस्तै प्राथमिक तह (१-५) को खुद भर्ना दर ९६.६ प्रतिशत र आधारभूत (१-८) को ८९.४ प्रतिशत त्यस्तै माध्यमिक (९-१२) को ३७.७ प्रतिशत पुगेको छ । कक्षा (१-१०) सम्को टिकाउदर ३७.९ प्रतिशत रहेको र ३ वर्षे योजना अवधिमा यसलाई ५० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । कक्षा १-५ को कक्षा छोड्ने र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेको देखिन्छ । उक्त तथ्याङ्कले टिकाउदर वृद्धि गर्न कक्षा छाड्ने र दोहोऱ्याउने दरलाई कम गर्नुपर्ने र यसका लागि लगानी वृद्धि गर्नुपर्ने साथै स्रोतसाधनलाई कुशलता साथ संचालन गर्न सके शैक्षिक क्षति कम गरी उपलब्धि वृद्धि गर्न सकिन्छ ।

अर्थ मन्त्रालय (२०७६) का अनुसार शिक्षाको माध्यमबाट दक्ष उत्पादनशील नागरिक जनशक्तिको उपलब्धता बढ्ने भएकोले कुल ग्राहस्थ उत्पादन वृद्धि गर्न शिक्षा अभिन्न साधनको रूपमा रहेको छ । समग्र राष्ट्र विकासमा शिक्षाको बहुपक्षीय महत्त्व रहेको कारणले राज्यको तर्फबाट शिक्षामा उपयुक्त लगानी गरी प्राप्त प्रतिफलको प्रभाव सामाजिक

विकासमा देखिने गरेको छ । नेपालमा हाल आ.व. ०७८/०७९ मा ३५ हजार ७ सय ७४ विद्यालय रहेका छन् भने विद्यार्थी संख्या ७४,४६०,९८ रहेका देखिन्छ । शिक्षा ऐनअनुसार प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्म आधारभूत र कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा मानी १२ कक्षासमको १३ वर्षको शिक्षालाई विद्यालय शिक्षा मानेको छ भने कक्षा (९-१२) को १३-१६ वर्षको उमेर समूहलाई यस तहको उमेर मानिएको छ । आर्थिक वर्ष २०७३/०७४ मा कुल उत्पादनमा शिक्षा क्षेत्राको ७.२% योगदान रहेको छ । ०७४ मा कक्षा (९-१२) को खुद भर्ना दर ४३.१९% रहेको छ भने कक्षा १२ को टिकाउदर १७.२% रहेको छ । यस समयमा सामुदायिक र संस्थागत विद्यालयको कक्षा १-१२ अध्ययनरत ७३ लाख ९२ हजार विद्यार्थी रहेका छन् ।

अधिकारी (२०७३) का अनुसार राज्य द्वारा शिक्षा क्षेत्रमा गर्दै आएको लगानी पर्याप्त नभएको जसकारण अपेक्षित सिकाइ उपलब्धि हासिल हुन नसकेको तथ्य देखिएको छ । शिक्षक दरबन्धि छात्र वृद्धि पाठ्यपुस्तक जस्ता पक्षको अपर्याप्तता रहनुको साथै पारिवारिक आर्थिक अवस्था, घर देखि विद्यालय सम्मको दुरी जस्ता कारणले सिकाइ उपलब्धि खस्कनुको साथै विद्यालय छोड्ने दर वृद्धि हुदै गएको देखिन्छ ।

सुब्बा (२०७५) शिक्षा समाज रूपान्तरणको आधार भएको हुनाले समाजको विकास गर्न शिक्षामा लगानी वृद्धि गर्नु आवश्यक देखिन्छ । शिक्षालाई व्यापार भन्दा पनि सामाजिक सेवाको रूपमा हेरि नाफा कमाउने उद्देश्यले खोलिएका निजि क्षेत्रको विद्यालयलाई निरूत्सायित गर्दै सामुदायिक विद्यालयमा लगानी साथै गुणस्तर वृद्धि गर्न आवश्यक देखिन्छ । विद्यालयहरूले आफ्ना कार्यक्रम सफल पार्न विद्यार्थी भर्ना कार्यक्रम संचालन गर्ने तर यस्ता कार्यक्रम केहि समय पछि सिथिल हुदै विद्यार्थीको उपस्थिति दर क्रमश घट्दै जाने गरेको देखिन्छ । यस्ता विभिन्न कारणले शैक्षिक क्षति वृद्धि हुदै गएको देखिन्छ । जसलाई क मगर्न विद्यार्थीलाई शिक्षण प्रति प्रोत्साहित गर्नु, शैक्षिक सामाग्रीको प्रयोगमा वृद्धि, शिक्षक तालिम शिक्षण विधिको छनोट गर्दा सहि विधि छनोट गर्नु शैक्षिक लगानीलाई १५ देखि २०% सम्म छुट्याउन आवश्यक रहेको देखिन्छ ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरालोकन (Review of the Research Literature)

घिमिरे (२०६८) का अनुसार माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धिको एक अध्ययन भन्ने शीर्षकमा दाङको घोराही न.पा.मा संचालित सामुदायिक र

निजी विद्यालयमा गरिएको अध्ययन अनुसार सामुदायिक विद्यालयमा ५० प्रतिशत शिक्षकहरूले तालिम लिएको पाइयो र पनि निजी विद्यालयको जति नतिजा ल्याउन सकिरहेका छैन भने जसमा सामुदायिक मा.वि. उत्तीर्ण दर ६८.६० प्रतिशत पाइयो भने संस्थागत विद्यालयमा यो दर सामुदायिक भन्दा १५ प्रतिशत ले बढी रहेको पाइयो ।

सापकोटा (२०७३) ले सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धि शीर्षकमा झापा जिल्ला भद्रपुर नगरपालिकामा गरेको एक अध्ययन अनुसार शैक्षिक वर्ष २०७१-७२ मा कक्षा ९ मा छात्र उत्तीर्णदर ५२.०५ र छात्रा ४७.४०% रहेको पाइयो । यस्तै कक्षा १० मा यो उत्तीर्णदर छात्र ५१.४० र छात्रा ४८.५९% पाइयो । जसमा छात्राको भन्दा छात्रहरूको उत्तीर्णदर राम्रो देखिन्छ । त्यस्तैगरी कक्षा छोड्नेदर कक्षा ९ मा छात्र ३३.३३ र छात्रा ३६.६% देखिन्छ भने यो दर कक्षा १० मा छात्र ३८.६०% र छात्रा ४१.३७% देखिएको थियो । कक्षा छोड्ने दर उच्च रहनुको कारण परिवारको आर्थिक अवस्था, शैक्षिक चेतनाको कमी, दलित तथा मधेशी समुदायको संसकार नै पाइयो जसले गर्दा शैक्षिक क्षति अति उच्च रहेको पाइन्छ ।

अधिकारी (२०६९) का अनुसार माध्यमिक तहमा आर्थिक लगानी र आन्तरिक दक्षता शीर्षक अध्ययनमा सरकारले शिक्षामा गरेको लागनीको ८४.३४५ रकम शिक्षकको तलब खर्चमा जाने गरेको छ । बाकी १५.६६५ रकम विद्यार्थी छात्रवृत्ति, पुस्तकालय, शैक्षिक सामग्री साथै अन्य प्रशासनिक खर्चका लागि छुट्याइएको छ । जुन खर्च अति न्यून रहेको छ । जसका विद्यालयले बाध्य भएर भर्ना शुल्क, परीक्षा शुल्क आदिको नाममा शुल्क उठाउने गर्दछ । न्यून सरकारी लगानीको कारण स्रोत साधनको अभाव शैक्षिक सामाग्रकिो अभाव आदिले सिकाइ क्रियाकलाप पनि असहज हुने गरेको छ । यसले गर्दा सरकारी विद्यालयमा कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने र अनुत्तीर्ण हुने दर वृद्धि हुदै गएको छ ।

बुदुजा (२०६३) ले माध्यमिक शिक्षामा लगानी र शैक्षिक उपलब्धि शीर्षकमा म्याग्दी जिल्लाको शिख गा.वि.स.मा गरेको एक अध्ययन अनुसार माध्यमिक शिक्षामा गरिएको लगानी मध्ये ७०.३% लगानी सरकारको तर्फबाट २७.४% विद्यार्थीबाट र २.३५ अभिभावकबाट रहेको पाइयो । सरकारले गरेको लगानीमध्ये ९५.५% रकम शिक्षक तथा कर्मचारीको तलबमा खर्च भएको बाकी ४.५% अन्य प्रशासनिक क्षोत्रमा खर्च भएको पाइयो । त्यस्तै विद्यालयको आन्तरिक आम्दानी मध्येको ५७.३% तलबमा र बँकी ४२.७%

प्रशासनिक क्षेत्रमा खर्च भएको देखिन्छ । यसर्थ माध्यमिक तहको शैक्षिक उपलब्धि अत्यन्त न्यून हुनुको कारण आर्थिक लगानीको कमी हुनुलाई मानिन्छ । शैक्षिक सत्र २०६१ देखि ६६ सम्मको कक्षा १० (SLC) को उत्तीर्ण दर ४८.८% र कक्षा ९ को यो दर अझ न्यून ४४.६५ रहेको देखिन्छ ।

सिह (२०७२) ले भक्तपुर, काठमाण्डौं र काभ्रेमा शैक्षिक क्षतिको अवस्था बारेमा गरेको अनुसन्धानमा भक्तपुरमा ३७.१% काठमाण्डौंमा ४६.७% र काभ्रेमा ३७.०८% रहेको देखिन्छ । उक्त प्रतिवेदन अनुसार माध्यमिक तहका विद्यार्थी असफल हुनुका मुख्य कारणहरू पाठ्यपूस्त, शैक्षिक सामाग्रीहरूको पर्याप्तता नहुनु भएका पनि समयमै उपलब्ध नहुनु, विद्यालयले विभिन्न शीर्षकमा शुल्क असुलिगनु, घरायासी आर्थिक अवस्था कम्जोर हुनु जस्ता कारण रहेको पाइएको छ जसकारण विद्यार्थीको शैक्षिक उपलब्धी कम्जोर हुनुको साथै कक्षा छोड्ने दर वृद्धि भएको देखिन्छ ।

सापकोटा, (२०७३) ले सामुदायिक र संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाह र शैक्षिक उपलब्धि सँग संबन्धित भइ झापा जिल्लाको भद्रपुर नगरपालिकामा गरेको अध्ययन अनुसार शैक्षिक सत्र २०७१ - २०७२ मा कक्षा ९ मा छात्रको उत्तीर्णदर ५२.०५% र छात्राको ४७.७४% रहेको र सोहि वर्ष कक्षा १० मा छात्र ५१.४०% र छात्रा ४८.५९% रहेको पाइयो भने कक्षा छोड्ने छात्र ३.३३% र छात्रा ६.६७% रहेको पाइयो । विद्यार्थीको उर्त्तीर्णदर न्यून हुनुको कारण पारिवारिक आर्थिक शैक्षिक अवस्था कम्जोर हुनु रहेको देखिन्छ ।


खनाल, २०७४ ले अर्घाखाची जिल्लालाई आधार मानि गरेको अध्ययनमा माध्यमिक तहको आर्थिक लगानी र शैक्षिक उपलब्धिको तुलनामा वि.स. २०७१ मा विद्यालयको कुल लगानी १ करोड २७ लाख ८३ हजार ७ सय ८ भएको र विद्यार्थीको उत्तीर्णाङ्क दर ८३ हजार ७ सय ८ भएको र विद्यार्थीको उत्तीर्णाङ्कदर ८३.३३% पाइयो त्यस्तै वि.स. २०७२ मा लगानी वृद्धि भई १ करोड ३४ लाख ५७ हजार हुदा ८.५.१२% रहेको देखिन्छ । यसरी हेर्दा लगानी वृद्धि हुँदा उर्त्तीर्णाङ्कदरमा पनि वृद्धि भएको पाइन्छ । औसत लगानी प्रति वर्ष १ करोड ३१ लाख २१ हजार रहँदा औसत उत्तीर्णङ्कदर ८४.२२% देखिन्छ । उक्त अध्ययनबाट आर्थिक लगानीका वृद्धि हुँदा विद्यार्थी उर्त्तीर्णदरमा पनि वृद्धि भएको देखिन्छ ।

## २.३ अनुसन्धान अन्तर (Research Gap)

सामुदायिक माध्यमिक विद्यालयको आर्थिक लागत र शैक्षिक उपलब्धिसँग सम्बन्धित रही विभिन्न व्यक्ति तथा संघसंस्थाहरूले अनुसन्धान गर्दै आएको पाइन्छ । यस्ता अध्ययन तथा अनुसन्धानको पुनरावलोकन साथै पूर्व साहित्यको समीक्षाबाट प्रष्ट हुन्छ कि आर्थिक लगानी र शैक्षिक उपलब्धिलाई मात्र केन्द्रिविन्दुमा राखिएको छ ताकी लगानी र उपलब्धि बिचको सम्बन्धलाई अध्ययन गरिएको पाइँदैन । कुनै पनि विषयवस्तुको अनुसन्धानलाई पूर्णता दिन त्यसको सम्बन्धलाई अध्ययन गर्नु आवश्यक हुन्छ । त्यसैले यो अध्ययन सामुदायिक माध्यमिक तहको आर्थिक लागत साथै शैक्षिक उपलब्धि बिचको तुलनात्मक अध्ययनमा केन्द्रित रहने छ ।


## २.४ अवधारणात्मक ढाँचा (Conceptual Framework)

शैक्षिक व्यवस्थापन शिक्षाको एक महत्त्वपूर्ण प्रक्रिया हो । शिक्षामा गरिने लगानीलाई प्रभावकारी बनाउँदै कार्यान्वयन गर्न आवश्यक रहन्छ । जुन शैक्षिक संस्थाले लागत प्रभावकारितालाई विशेष ध्यान दिन्छ त्यस्तो शैक्षिक संस्थाको उपलब्धि पनि राम्रो नै हुन्छ । यसर्थ यस अध्ययनसग सम्बन्धित भई उद्देश्य साथै उपलब्धिलाई प्रभावकारी बनाउन निम्न ढाँचा प्रस्तुत गरिएको छ ।




स्रोत : शर्मा, २०७७ ।

## २.५ कार्यात्मक ढाँचा (Functional Framework)



## अध्याय तीन

# अनुसन्धान विधि र प्रक्रिया (Research Method and Procedure)

कुनै पनि अध्ययनमा उद्देश्य प्राप्त गर्नका लागि आवश्यकताअनुसार विभिन्न विधि र प्रक्रियाको प्रयोग गर्ने गरिन्छ । यस्ता अध्ययनमा विधि र प्रक्रिया तय गर्दा सम्बन्धित समस्याको उद्देश्य अनुसार तय गरिनु पर्दछ । यस अध्ययनमा अनुसन्धान ढाचा, जनसंख्या, नमुना छनोट विधि, तथ्याङ्क संकलन प्रक्रिया, तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण प्रक्रिया नै मूलतः अनुसन्धान विधिको रूपमा लिने गरिन्छ । तथ्याङ्क संकलन गर्ने साधनको निर्माण गरी अनुसन्धानकर्ताद्वारा स्थलगत सर्वेक्षणलाई प्रमुख माध्यम मानिएको छ ।

## ३.१ अनुसन्धान ढांचा (Research Design)

प्रस्तुत अनुसन्धानको अध्ययन व्याख्यात्मक र विश्लेषणात्मक ढांचामा आधारित रहने छ । साथै गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कको प्रयोग हुनेछ । जसका लागि प्राथमिक तथा द्वितीय स्रोत स्रोतहरूको प्रयोग गरिएको छ । गुणात्मक तथ्याङ्कलाई वर्णात्मक रूपमा प्रस्तुत गरिएको छ भने परिमाणात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तालिका र रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत (Source of Data)

प्रस्तुत अनुसन्धानमा तथ्याङ्कहरू प्रमुख रूपमा प्राथमिक स्रोतबाट लिइएको छ । अध्ययनलाई पूर्णता दिन द्वितीयक स्रोतहरूको प्रयोग गरिएको छ । उल्लेखित प्राथमिक तथा द्वितीय स्रोतहरूलाई तल व्याख्या गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Primary Source)

तथ्याङ्क संकलन गर्ने क्रममा अनुसन्धानकर्ता उक्त क्षेत्रमा स्वयम् उपस्थित रही तथ्याङ्क संकलन गर्ने प्रक्रिया प्राथमिक तथ्याङ्क संकलन हो । प्रस्तुत शोधप्रसतावनाका लागि प्राथमिक तथ्याङ्क संकलनका लागि फाक्फोकथुम गा.पा.को सामुदायिक माध्यमिक विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीलााई आधार मानिएको छ ।

### ३.२.२ द्वितीय स्रोत (Secondary Source)

सम्बन्धित विषयका लागि पूर्वकार्यका आधारबाट सूचना प्राप्त गरिन्छ भने त्यस्ता सूचनाका स्रोतहरूलाई द्वितीय स्रोत भनिन्छ । यस अध्ययनलाई पूर्णता दिन आवश्यक सूचनाहरू पूर्वप्रकाशित कृतिहरू, विद्यालयको वार्षिक प्रतिवेदन, शिक्षा विभाग, शिक्षा मन्त्रालय, जिल्ला पार्श्वचित्र, गा.पा.को वार्षिक प्रतिवेदन साथै विभिन्न प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई द्वितीय स्रोतको रूपमा समावेश गरिएको छ ।

## ३.३ जनसंख्या नमुनाको आकार र नमुना छनोट विधि (Population Sample Size and Sampling Strategy)

### ३.३.१ जनसंख्या (Population)

विशेष गरी यो अध्ययन फाक्फोकथुम गा.पा. इलामका सामुदायिक माध्यमिक विद्यालयमा आधारित रहेको छ । यस गा.पा. मा ५ वटा सामुदायिक मा.वि. रहेका छन् । यस अध्ययनका ३ वटा विद्यालयलााई नमुनाको रूपमा गोला प्रथाबाट छनोट गरिएको छ र अध्ययन क्षेत्रमा सामुदायिक माध्यमिक विद्यालयलाई मानिएको छ । यस अध्ययनमा जनसंख्याको रूपमा माध्यमिक तह कक्षा (९-१२) का विद्यार्थी, प्र.अ., शिक्षक साथै अभिभावक रहेका छन् ।

### ३.३.२ नमुना आकार (Sampling size)

यस अध्ययन फाक्फोकथुम गा.पा. मा अवस्थित छनोटमा परेको प्रत्येक विद्यालयका १५% छात्र/छात्रालाई कक्षागत रूपमा छुटाई Stratified random sample विधिको प्रयोग गरी छनोट गरिएको छ । कक्षा ९, १०, ११, १२ का विद्यार्थीको प्रतिशत तालिका ३.१ मा देखाइएको छ :

**तालिका ३.१**

**छनोट गरिएका विद्यार्थी संख्या तथा विद्यालय वर्गीकरण (शैक्षिक वर्ष २०७९)**

| विद्यालय | श्री सिंह देवी मा.वि. | | | | श्री जानकी मा.वि. | | | | श्री राष्ट्रिय मा.वि. | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | ९ | १० | ११ | १२ | ९ | १० | ११ | १२ | ९ | १० | ११ | १२ | - |
| छात्र | १४ | १६ | २९ | ४० | १३ | १२ | १५ | १७ | १४ | १९ | १८ | १६ | २२३ |
| छात्रा | १७ | १७ | ४२ | ५६ | १५ | १९ | १८ | १५ | १३ | १६ | १९ | २० | २६७ |
| जम्मा | ३१ | ३३ | ७१ | ९६ | २८ | ३१ | ३३ | ३२ | २७ | ३५ | ३७ | ३६ | ४९० |
| छात्र १५% | २.१ | २.४ | ४.३५ | ६ | १.९५ | १.८ | २.५ | २.५५ | २.१ | २.८५ | २.७ | २.४ | ३३ |
| छात्रा १५% | २.५५ | २.५५ | ६.३ | ८.४ | २.२५ | २.८५ | २.७ | २.२५ | १.९५ | २.४ | २.८५ | ३ | ४० |

### ३.३.३ नमुना छनोट (Sampling Strategy)

यस अध्ययनको लागि फाक्फोकथुम गा.पा.लाई उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा नमुना छनोट गरिएको छ । यस क्षेत्रमा अवस्थित ५ वटा सामुदायिक माध्यमिक विद्यालयमध्ये गोलाप्रथाबाट नमुनाको रूपमा ३ वटा विद्यालयलाँई छनोट गरिएको छ । यस अध्ययनका लागि निम्न छनोट प्रक्रिया अवलम्बन गरिएको छ :

१. यस अध्ययनका लागि फाक्फोकथुम गा.पा. इलामलाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ ।

२. सामुदायिक माध्यमिक कक्षा (९-१२) का पाँच विद्यालयहरूमध्ये गोलाप्रथाद्वारा तीन विद्यालय छनोट गरिएको छ ।

३. शिक्षकको छनोट गर्दा उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा माध्यमिक तहमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षक प्रत्येक विद्यालयबाट पाँच जनाको दरले छनोट गरिएको छ ।

४. तीनवटै विद्यालयका कक्षा (९-१२) का जम्मा ४९० जना विद्यार्थीमध्ये ७३ जना (१५%) छनोट गरिएको छ (तालिका ३.१) ।

### ३.३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the study area)

यो अध्ययन इलाम जिल्लाको फाक्फोकथुम गाउँपालिका २ मा रहेको सामुदायिक विद्यालयहरू आर्थिक लगानी र शैक्षिक उपलब्धिको विश्लेषण गर्ने उद्देश्यले उक्त गाउँपालिका भित्र रहेका सामुदायिक माध्यमिक विद्यालयहरू मध्ये राष्ट्रिय मा.वि, जानकी मा.वि र सिहदेवि मा.वि गोला प्रथाद्वारा छनोट गरि अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू (Tools of Data Collection)

प्रस्तुत शोधपत्रका लागि प्रश्नावली र अवलोकन निर्देशिका जस्ता साधनको प्रयोग गरिएको छ ।

### ३.४.१ प्रश्नावली (Questionnaire)

यस शोधपत्रका लागि आवश्यक पर्ने विभिन्न सूचनालाई समेटेर फाक्फोकथुम गा.पा.का विभिन्न सामुदायिक माध्यमिक विद्यालयहरू आर्थिक साथै शैक्षिक अवस्था र उपलब्धिसंग सम्बन्धित हुदै आवश्यकताका आधारमा प्रश्नहरू निर्माण गरी सम्बन्धित क्षेत्रमा आवद्ध व्यक्तिहरूबाट प्रश्नपत्रमै उत्तर दिन सक्ने गरी प्रश्नपत्र निर्माण गर्ने र त्यसका साथै प्रश्नपत्रहरू संरचित र असंरचित दुबै ढाचामा निर्माण गरिएको छ । यस्ता प्रश्नहरू निर्माण गर्दा शिक्षक, विद्यार्थी, प्र.अ. र प्रशासनका लागि पूर्व निर्धारित गरी छुट्याइएको छ ।

### ३.४.२ लक्षित छलफल निर्देशिका (Focus Group Discussion)

यस अध्ययनका लागि छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अन्य शिक्षासंग सम्बन्धित विभिन्न व्यक्तिलाई नै लक्षित समूहका रूपमा लिइएको छ । जसमा तीनवटै विद्यालयका प्र.अ., प्रत्येक विद्यालयका अनिवार्य विषयहरू अध्यापन गराउने चार चार जनाका दरले शिक्षक, प्रत्येक विद्यालयबाट चारजनाका दरले विद्यार्थी र विद्यालय प्रशासन एक जना गरी दश जनाको समूह निर्माण हुने गरी छलफल निर्देशिका तयार गरिएको छ । जसलाई अनुसूची १, २, ३, ४ मा क्रमशः राखिएको छ ।

### ३.५ तथ्याङ्क संकलनका प्रविधिहरू (Techniques of Data Collection)

#### ३.५.१ अन्तर्वार्ता (Interview)

प्राथमिक तथ्याङ्क संकलनका रूपमा सामुदायिक माध्यमिक विद्यालयका प्र.अ., शिक्षक, शिक्षक, विद्यार्थी, आदि समक्ष रही तथ्याङ्क संकलन गरिने भएकाले उक्त समूहसंग प्रश्नावलीको माध्यमबाट साथै आवश्यकता परेमा फोनमार्फत् पनि प्रश्न गरी तथ्याङ्क संकलन गरिएको छ । साथै माथि उल्लेखित विभिन्न समूहहरूलाई आनो उद्देश्य बताई विश्वस्त बनाई तथ्याङ्क संकलन कार्य पूरा गरिएको छ ।

#### ३.५.२ लक्षित समूह छलफल (Focus Group Discussion)

यस अध्ययनलाई सफल बनाउन सामुदायिक माध्यमिक विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति अध्यक्ष, अभिभावक पक्षहरूलाई समावेश गरी विद्यालयको आर्थिक लगानी साथै शैक्षिक उपलब्धिको अवस्था बुझ्ने र यस्ता पक्षहरूमा देखिएका समस्या र तिनको समाधानको लागि छलफल निर्देशिका बमोजिम छलफल अनुसूची ५ मा तयार पारिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया (Analysis of Data)

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरूलाई गुणात्मक साथै परिमाणात्मक रूपमा वर्गीकरण गरिएको छ र प्रकृतिका आधारमा गुणात्मक तथ्याङ्कहरूलाई वर्णनात्मक रूपमा र परिमाणात्मक तथ्याङ्कहरूलाई तालिका आधारमा प्रस्तुत गरिने छ ।

### ३.७ नीतिगत प्रावधान (Ethical Consideration)

अनुसन्धानको लागि तथ्याङ्क सङ्कलन गर्दा केहि यस्ता नितिगत पक्षलाई ख्याल गर्नु आवश्यक हुन्छ । व्यक्ति सँग वा समुह सँग कुनै पनि विषयवस्तुमा अर्न्तवार्ता लिदा व्यक्तिलाई सहजता महसुस दिलाइएको छ । त्यस्तै अर्न्तवार्ताबाट प्राप्त तथ्यहरूको गोपनियतालाई ख्याल गर्नु साथै निश्चित नियममा रहेर अर्न्तवार्ता संचालन गर्नु पर्ने हुन्छ । यो अनुसन्धान पुरा गर्ने क्रममा निम्न नितिगत प्रावधान अपनाइएको छ ।

१) सम्पूर्ण उत्तरदाताको सहमतिका तथ्याङ्क सङ्कलन गरिएको थियो ।

२) उत्तरदाता सँगको सम्बन्धलाई विश्वासिलो बनाउनुको साथै उत्तरको लागि कुनै दवाव बिना स्वतन्त्रताको अवसर प्रदान गरिएको थियो ।

३) प्राप्त तथ्याङ्कबाट अध्ययनको उद्देश्य पुरा गर्न मात्र रहेको र अन्य प्रयोजनमा उक्त तथ्याङ्कहरू प्रयोग नगरिने जानकारी/प्रतिवद्धता गरिएको थियो ।

# अध्याय चार

# नतिजाको व्याख्या तथा विश्लेषण (Analysis and Introduction of Data)

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

इलाम प्रेदश नं. १ को सुदुर पूर्वी पहाडि जिल्ला हो । प्रदेश नं. १ मा जम्मा १४ वटा जिल्ला रहेका छन् । जस मध्ये इलाम सबै भन्दा पूर्वी जिल्ला हो । यहि इलाम जिल्लाका विभिन्न स्थानिय तहहरू मध्ये फाक्फोकथुम गा.पा. यस अध्ययनको मुख्य क्षेत्र रहेको छ । जसको संक्षिप्त परिचय तल प्रस्तुत गरिएको छ ।

### ४.१.१ इलाम जिल्लाको परिचय (Introduction to Ilam District)

इलाम जिल्ला नेपालको पूर्वी जिल्ला हो । प्रदेश नं. १ मा रहेका १४ जिल्ला मध्ये एउटा पूर्वि सिमाना भारतको पश्चिम वंगाल र सिक्खिम सँग जोडिएको छ भने उत्तर तर्फ पाच्थर त्यस्तै पश्चिम तर्फ पाच्थर र तेह्रथुप, दक्षिण तर्फ झापा जिल्ला रहेका छन् । समुद्रि सतहबाट १३७ m देखि ३७३७ m उचाइमा रहेको यो जिल्ला २७.४० अक्षाशं देखि २७.८ आक्षाश साथै ८७.४०..... देशान्तर देखि ८७.१० ............ देशान्तरमा अवस्थित इलाम जिल्लाको कुल क्षेत्रफल भने १७०७ वर्ग कि.मि रहेको छ (जिल्ला विकास समिति इलाम) ।

यस जिल्लामा प्राचिन कालमा राई, लिम्बु जातिले सासन गरि लिम्बु भाषा बाटनै यस जिल्लाको नाम इलाम राखिएको आधार पाइन्छ । लिम्बु भाषामा इ को अर्थ घुमाउरो र लामको अर्थ बाटो हुने र झापाबाट माथि तिर जादा यहि घुमाउरो बाटो हुदैं जानु पर्ने भएकोले यसलाई इलाम नाम राखिएको किम्बदन्ति पाइन्छ ।

यहाँको हावापानी हिउदमा शून्य डिग्री देखि गर्मिमा ३० सम्म रहने गरेको पाइन्छ भने वर्ष २०० मि.मि सम्म हुने गर्दछ । इलाम जिल्लामा बसोबास गर्ने जातजातिमा लिम्बु राई ब्रामण, क्षेत्री, नेवार, गुरूङ्ग, तामाङ्ग लगायत लोप उन्मुख जाति लेप्चा समेतको बसोबास रहेको छ (जिल्ला विकास समिति इलाम) ।

धार्मिक तथा पर्यटकिय क्षेत्रको रूपमा, कन्याम, अन्तु माइपाखरि, सन्दकपुर, गजुरमुखि जस्ता क्षेत्रहरू रहेका छन् । चिया, अलैचि, अधुवा, ओलन (पशुपालन), अकवरे, अम्लीसेर, जस्ता नगदेवालि साथै धान, मकै गहुं जस्ता खाद्य वालिको उत्पादन हुने गर्दछ ।

इलाम जिल्लाको जनसंख्यालाई हेर्दा दशवटा स्थानिय तह रहेको यस जिल्लामा इलाम नगरपालिका र चुलाचुलि गाउँपालिकाको जनसंख्या वृद्धि भएको र अन्य आठ वटा पालीकाहरूको जनसंख्या घटेको तथ्याङ्क २०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या २,९०,२५४ रहेको मा २०७८ को जनगणनामा २,८०,५६५ मात्र जनसंख्या रहेको पाइन्छ (जिल्ला विकास समिति इलाम) ।

**इलाम जिल्लाको शैक्षिक अवस्था**

इलाम शिक्षा तथा पूर्वधार विकासका हिसाबले केहि विकसित जिल्लाको रूपमा रहेको पाइन्छ । आ.व २०७१/७२ मा इलाम जिल्लाको साक्षरता दर ९७.७% रहेको देखिन्छ । इलाम साक्षर नेपाल अभियान अर्न्तगत देशको ३७ औं जिल्लाको रूपमा घोषित भएको थियो । हाल नेपालको साक्षरताको हिसाबले पाँचै जिल्लाको रूपमा रहेको छ ।

इलाम जिल्लामा सामुदायिक, निजि, धार्मिक, गुठि गरि बाल विकास देखि माध्यमिक तह कक्षा १२ सम्मका जम्मा बाह्र यस चौरासि वटा विद्यालय रहेका छन् । जसमा सबैभन्दा बढि बाल विकाश केन्द्र पाच सय सन्तानब्बे वटा रहेका छन्, त्यस्तै कक्षा (१-८) सामुदायिक विद्यालयहरू तीनसय बयालीस वटा, कक्षा (९-१०) पढाइ हुने मा.वि एकसय छपन्न, कक्षा (९-१२) पढाइ हुने मा.वि पैसाठी वटा र ६ वटा क्याम्पस रहेका छन् । त्यस्तै संस्कृत विद्यालय बाइसवटा र निजि विद्यालय छयानब्बे वटा विद्यालयहरू रहेका पाइन्छ ( जिल्ला विकास समिति इलाम) ।

### ४.१.२ फाक्फोकथुम गा.पा को परिचय (Introduction to Phakphokthum rural municipality)

इलाम जिल्लाका १० वटा स्थानियहरू मध्ये पशिचमि भागमा फाक्फोकथुप गाउँपालिका रहेको छ । इलाम जिल्लामा ७ वटा गाउँपालिका र ४ वटा नगरपालिकाहरू रहेका छन् । भूगोल र जनसंख्याको हिसाबले सबैभन्दा ठूलो गाउँपालिका यहि गाउँपालिका हो । पूर्वमा देउमाइ नगरपालिका उत्तर र पशिचममा पाँच्थर र दक्षिणमा माङसेवुङ्ग गाउँपालिका सँग सिमाना जोडिएको यस गाउँपालिकाको क्षेत्रफल १०९.३ वर्ग कि.मी रहेको छ । समुद्र सतहबाट ५३० पत देखि २८४० पत को उचाइमा रहेका यस गा.पा. २७. ५४

उत्तरी आक्षश देखि २७.१० उत्तरी आक्षाश साथै ८०.४० पूर्वी देशान्तर देखि ८०.४९ पूर्वी देशान्तरमा अवस्थित रहेको छ (फाक्फोकथुम गा.पा., रातो किताव) ।

यस गाउँपालिकाको नामाकरणको बारेमा कुनै वैज्ञानिक तथ्य नभेटिए पनि स्थानिय फाक्फोक खोलाको नामबाट र प्राचिन लिम्बु राज्य हुँदा त्यहाँ चार वटा थुम्काहरू ( फाक्फोक, पुवापार, इलामडाडा, माइपार) रहेको र यहि थम्का मध्ये एउटा थम्का (खोला र थुम्काको संयुक्त) रूपबाट यस गाउँपालिकाको नामाकरण गरिएको पाइन्छ ।

**जनसंख्याः**

यस गा.पा को कुल जनसंख्या वि.स २०७८ को जनगणना अनुसार २०,००४ रहेको छ जुन २०७८ को गणना भन्दा १६१५ ले कम रहेको छ । लैङ्गीक अनुपात ८८ रहेको छ भने ४७४८ रहेको छ । औषत परिवार २०७८ अनुसार ४.७ रहेको छ भने जनघनत्व सोहि समयमा १९८.७२ वर्ग कि.मि रहेको छ । जनसंख्यालाई वडागत रूपमा तलको तालिकामा उल्लेख गरिएको छ । जुन वि.स २०६८ को जनगणना अनुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१**

**फाकफोकथुम गा.पा.को जनसंख्या तथा क्षेत्रफलको वडागत विवरण २०६८**

| वडा नं. | पुरुष | महिला | जम्मा | प्रतिशत | घनत्व | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | १७३३ | १६५४ | ३३८७ | १५.८ | १६४.९८ | २२.२६ |
| २ | १५६२ | १३९६ | २९५८ | १३.८ | २२०.४२ | १३.५८ |
| ३ | १६४५ | १५४२ | ३१८७ | १४.८७ | २१७.१० | १४.६३ |
| ४ | १५४८ | १५८७ | ३१३५ | १४.६३ | १९५.४५ | १८.९८ |
| ५ | १४१७ | १३३० | २७४७ | १२.८२ | १५८.२४ | ११.९२ |
| ६ | १४७७ | १३१९ | २७९६ | १३.०४ | १७३.०२ | १६.९६ |
| ७ | १६९३ | १५३१ | ३२२४ | १५.०४ | ३०४.१४ | १०.९७ |
| जम्मा | ११०७५ | १०३५९ | २१४३४ | १०० | २०४.७६ | १०९.३ |

स्रोत : फाक्फोकथुम गा.पा., २०७९

**शिक्षाको अवस्था :**

यस गाउँपालिका भित्र रहेका शैक्षिक संस्थाहरूमा क्रमश १ क्याम्पस ५ वटा (९-१२) का मा.वि ६ वटा (९-१०) का . मा.वि ३० वटा आधारभूत विद्यालय, ५१ वटा वालविकास केन्द्र र १ गुम्बा विद्यालय गरि ९४ वटा सामुदायिक विद्यालय र संस्थागत मा.वि १ र अधारभूत ६ वटा गरिकूल १०१ वटा विद्यालय रहेका छन् ।

साक्षरताको हिसाबले हेर्दा इलाम जिल्ला नेपालकै पाँचै वढि साक्षरतादर भएको जिल्लामा पर्दछ । इलाम जिल्लामा ९७.७% जनसंख्या साक्षर रहेका छन् भने इलाम जिल्ला भित्रका पनि बढि साक्षरता दर भएका एकतप्पा, फुएताप्ता यसै गा.पा मा पर्दछन् । यस गा.पा ९८.१७% मानिस साक्षर रहेको गा.पा को तथ्याङ्कले देखाउदछ । महिला साक्षरता दर ९६% पुरुष र पुरुष ९८.७ % साक्षर रहेको देखिन्छ (फाक्फोकथुम गा.पा., रातो किताव) ।

**आर्थिक अवस्था :**

यस गाउँपालिकाका अधिकांश मानिसहरूको आयको मुख्य स्रोत कृषि तथा पशुपालन रहेको पाइन्छ । व्यवसायिक साथै वैज्ञानिक रूपले कृषि तथा पशुपालन गर्दै आएका कारण यहाँका कृषकहरूको आर्थिक अवस्था निकै सुधारिएको देखिन्छ । करिब ७३% मानिसहरूले कृषि साथै पशुपालनलाई आम्दानीको मुख्य स्रोतको रूपमा लिएको पाइन्छ । २२% हाराहारि सरकारि जागिरमा रहेको पाइन्छ भने ९% ले व्यापारलाई आर्थिक स्रोतको मुख्य आधार बनाएको पाइन्छ । त्यस्तै गरि ७% मानिसले अन्य व्यवसायलाई आफ्नो आम्दानीको मुख्य स्रोत बनाएको पाइन्छ (फाक्फोकथुम गा.पा., रातो किताव) ।

**यातायात र संचार :**

यस गाउँपालिकाका ७ वटै वडामा कच्ची साथै ग्रावेल सडकका संजाल रहेको पाइन्छ । वडा नं. २, ६ र ७ का मुख्य सडकहरू ग्रावेल भइ सकेका र कालोपत्रे बन्ने क्रममा रहेका हुन भने अन्य वडा १,३,४ र ५ मा कच्ची सडकको स्तर उन्नती हुदै गरेको रहेछ । संचारको साधनहरूमा रेडियो, टेलिभिजन, मोवाइल फोनको साथै केबुल लाइनको सुविधा भइ सकेको पाइन्छ (फाक्फोकथुम गा.पा., रातो किताव) ।

## ४.२ माध्यमिक तहको शैक्षिक प्रवाह दर (Educational flow rate of secondary level)

यस अध्ययनको लागि छनोट गरिएका विद्यालयका विद्यार्थीहरूको शैक्षिक सत्र २०७७ देखि २०७८ सम्म २ वटा वर्षको विद्यार्थीको भर्नादर, कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरको गणना गरिएको छ।

### ४.२.१ विद्यार्थी भर्ना (Student Enrollment rate)

**१. कूल विद्यार्थी भर्ना**

छनोट गरिएका तीन वटै विद्यालयहरूको ०७९ को कुल भर्ना दरलाई तलको तालिकाबाट देखाइएको छ।

**तालिका ४.२**

**विद्यार्थी भर्नादर २०७९**

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| पूर्वप्राथमिक | ७२ | ५१ | ९३ |
| आधारभूत | २१७ | २३२ | ४४९ |
| माध्यमिक | २२३ | २६७ | ४९० |
| जम्मा | ५१२ | ५५० | १०६२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

प्रस्तुत तालिकामा शैक्षिक वर्ष २०७९ को छनोट गरिएका सामुदायिक विद्यालयको कुल विद्यार्थीको भर्नादरलाई देखाइएको छ। छनोट गरेका तीन विद्यालयमा जम्मा १०६२ विद्यार्थी भर्ना भएको देखिन्छ भने पूर्वप्राथमिक आधाभूत र माध्यमिक तहमा क्रमश १२३, ४४९, ४९० विद्यार्थी भर्ना भएका पाइयो।

**२. माध्यमिक तह कक्षा (९-१०) को विद्यार्थी भर्ना दर**

छनोटमा परेका विद्यालयहरूको २०७७ देखि ०७८ सम्मको कक्षा (९-१० को विद्यार्थी भर्ना दरलाई तल तालिकाबाट देखाइएको छ।

**तालिका ४.३**

**माध्यमिक तह विद्यार्थी भर्ना विवरण, २०७९ (कक्षा ९-१०)**

| शैक्षिक वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| २०७७ | ६२ | ७८ | १३० |
| २०७८ | ६५ | ६७ | १३२ |
| जम्मा | १२७ | १४५ | २७२ |
| औसत | ६३.५ | ७२.५ | १३१ |

स्रोत : विद्यालयको रेकर्ड फाइल, २०७९ ।

छनोट गरिएका विद्यालयहरूलाई पनि कक्षा (९-१०) र (११-१२) गरि दुई समुहमा विभाजन गरि उक्त कक्षाको भर्नादरलाई अलक अलग तालिका ४.३ मा प्रस्तुत गरिएको छ। प्रस्तुत तालिकामा चार वटा शैक्षिक वर्षहरूको भर्नादरलाई प्रस्तुत गरिएको छ।

छनोट भएका विद्यालयहरू मध्ये कक्षा ९-१० मा सबैभन्दा बढी विद्यार्थी भर्ना शैक्षिक वर्ष २०७७ मा १४१ जना भएको देखिन्छ भने सबैभन्दा कम भर्ना २०७८ मा १३० जना भएको देखिन्छ। उक्त दुईवटा शैक्षिक वर्षमा कक्षा ९-१० मा जम्मा २७१ जना भर्ना भएको पाइयो भने औषत भर्नादर १३५.५ रहेको पाइन्छ।

## ३. माध्यमिक तह ११-१२ को विद्यार्थी भर्ना दर २०७७-२०७८

छनोट गरिएका विद्यालयहरूमध्ये कक्षा ११-१२ को २०७५ देखि २०७८ सम्मको विद्यार्थीको भर्ना दरलाई तल तालिकामा देखाइएको छ।

**तालिका ४.४**

**माध्यमिक तह ११-१२ को विद्यार्थी भर्ना दर २०७७-२०७८**

| शैक्षिक वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| २०७७ | १३७ | १३२ | २६८ |
| २०७८ | १३५ | १३४ | २६९ |
| जम्मा | २७२ | २६६ | ५३७ |
| औषत | १३६ | १३३ | २६८.५ |

स्रोत : विद्यालयको रेकर्ड फाइल, २०७९ ।

तालिका ४.४ मा दुईवटा शैक्षिक वर्षमा कक्षा ११-१२ मा भएको विद्यार्थीको भर्ना दरलाई उल्लेख गरिएको छ । उक्त समयावधिमा जम्मा ५३७ जना विद्यार्थी भर्ना भएको पाइयो भने सबैभन्दा बढी शैक्षिक वर्ष २०७८ मा २६९ र कम २०७७ मा २६८ जना भर्ना भएको देखिन्छ । यस अवधिमा विद्यार्थीको औषत भर्नादर २६८.५ रहेको देखिन्छ ।

### ४.२.२ माध्यमिक तहको विद्यार्थी प्रवाहदर (Students flow rate in secondary level)

छनोटमा परेका तीनवटा विद्यालयहरूको कक्षा ९-१२ को शैक्षिक वर्ष ०७७/०७८ सम्म दुई वर्षको विद्यार्थीहरूको भर्नादर, उत्तीर्णदर, कक्षाछोड्ने र कक्षा दोहोऱ्याउने संख्यालाई तालिका ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५**

**माध्यमिक तहको विद्यार्थी प्रवाह दर (कक्षा ९, १०, ११) (२०७७-२०७९)**

| शैक्षिक वर्ष | भर्ना संख्या | उत्तीर्ण दर | कक्षा छाड्नेद र | कक्षा दोहोऱ्याउने दर |
|---|---|---|---|---|
| २०७७ | ३९८ | ३९६ | २ | - |
| २०७८ | ४०१ | ४०० | १ | - |
| २०७९ | ४९० | - | - | - |
| जम्मा | १२८९ | ७९६ | ३ | - |
| औषत | ४३० | ३९८ | १.५ | - |

स्रोत : विद्यालयको रेकर्ड फाइल, २०७९

तालिका ४.५ मा तीनवटा शैक्षिक वर्षको कुल विद्यार्थी भर्ना संख्या १२१६ रहेको छ भने २०७९ को उत्तीर्णदर, कक्षा छाड्ने र दोहोऱ्याउने दर शैक्षिक वर्ष सूचारू नै भएकोले समावेश गरिएको छैन । कक्षा ९, १०, ११ मा विद्यार्थीको कक्षा दोहोऱ्याउने दर रहेको देखिदैन । कक्षा छोड्ने दर औषत रूपमा १.५ रहेको देखिन्छ ।

**तालिका ४.६**

**माध्यमिक तह कक्षा १२ को प्रवाहदर** (२०७७-२०७८)

| शैक्षिक वर्ष | भर्ना संख्या | उत्तीर्ण दर | कक्षा छाड्नेदर | कक्षा दोहोऱ्याउने दर | प्रतिशत |
|---|---|---|---|---|---|
| २०७७ | १४५ | ७४ | १ | – | ५१.०३ |
| २०७८ | १४४ | ११५ | – | – | ७९.८६ |
| जम्मा | २४९ | १८९ | – | – | |
| औषत | १४४.५ | ९४.५ | ०.५ | – | ६५.३९ |

स्रोत : विद्यालयको रेकर्ड फाइल, २०७९

प्रस्तुत तालिका ४.६ मा कक्षा १२ को तीनवटा शैक्षिक वर्षको भर्ना उत्तीर्ण कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थीको संख्यालाई देखाइएको छ । दुई वर्षको कुल भर्ना संख्या २७४ रहेकोमा औषत भर्ना संख्या १३७ रहेपनि औषत उत्तीर्ण दर ८९ देखिन्छ । २०७७ र २०७८ को औसत उत्तीर्ण प्रतिशत ६५ कक्षा छोड्ने दर औसत ०.५ रहेको देखिन्छ ।

## ४.३ माध्यमिक तहमा गरिएको आर्थिक लगानी (Economical Investment on Secondary Level)

यस अध्ययनमा माध्यमिक तहमा हुने गरेको आर्थिक लगानीको अवस्था र सोको शैक्षिक क्षेत्रमा पर्ने प्रभावको तुलनामा अध्ययन गरिएको छ। यहाँ नमुनाको रूपमा छनोटमा परेका विद्यालयको आम्दानीको स्रोत साथै खर्च विवरणलाई उल्लेख गरिएको छ ।

### ४.३.१ विद्यालयको भौतिक संरचना (Physical Structure of the School)

छनोटमा परेका विद्यालयहरू सिंहदेवी मा.वि., जानकी मा.वि. र राष्ट्रिय मा.वि.का विद्यालयको भौतिक विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**विद्यालयको भौतिक संरचना (२०७९)**

| विद्यालयको नाम | भवन संख्या | कक्षा कोठा | शिक्षक संख्या | कर्मचानरी | डेक्स बेन्च सेट | शौचालय | पुस्तकालय | प्रयोगशाला | खेल मैदान | धारा | दराज | कुर्सी | नेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री सिंहदेवी मा.वि. | ७ | २२ | १९ | ३ | १५० | ३ | १ | १ | २ | ३ | ६ | ४५ | २ |
| श्री जानकी मा.वि. | ८ | १५ | १२ | २ | ८३ | ३ | १ | १ | १ | १ | ७ | ३८ | १ |
| श्री राष्ट्रिय मा.वि. | ९ | २३ | १९ | ३ | १८० | ५ | १ | १ | १ | २ | ७ | ५० | १ |
| जम्मा | २४ | ७० | ५० | ८ | ४२३ | ११ | ३ | ३ | ४ | ६ | २० | १३३ | ४ |

स्रोत : विद्यालयको रेकर्ड फाइल, २०७९

तालिका ४.७ मा उल्लेखित तीनवटा मा.वि. मध्ये श्री सिंहदेवी मा.वि.मा तीनवटा पक्की भवन रहेका साथै शिक्षक कर्मचारी, विद्यार्थी संख्या बढी रहेको र परीक्षामा प्राप्त नतिजा पनि उच्च रहेको पाइयो । त्यस्तै राष्ट्रिय मा.वि. मा तुलनात्मक रूपमा सिंहदेवी मा.वि. को भन्दा कम सुविधा र नतिजा पनि केही न्यून रहेको पाइयो भने जानकी मा.वि. मा भौतिक साथै शैक्षिक अवस्था अझ कम रहेको पाइयो ।

### ४.३.२ विद्यालयको आयको स्रोत (Income Sources of the School)

छनोट गरिएका तीनवटा विद्यालयहरूको शैक्षिक वर्ष २०७७ देखि २०७८ सम्म दुईवटा वर्षहरूको आयको स्रोतलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**माध्यमिक तहको कूल आम्दानी (२०७७/२०७८ - २०७८/२०७९)**

| शैक्षिक वर्ष | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| २०७७/७८ | १०२२२२०० | २५८९०० | ९८६०० | १०२३०० | १०६८२०० |
| २०७८/७९ | १११३३७५० | २६५५०० | १०९२३५ | ११०७५० | ११६१९२३५ |
| जम्मा | २१३५५९५० | ५२४४०० | २०७८३५ | २१३०५० | २२३०१२३५ |
| औसत | १०६७७९७५ | २६२२०० | १०३९१७ | १०६५२५ | १११५०६०७ |
| औसत प्रतिशत | ९५.७५ | २.३६ | ०.९३ | ०.९५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

प्रस्तुत तालिका ४.८ मा छनोट गरिएका माध्यमिक विद्यालयको दुई शैक्षिक वर्षको आम्दानीलाई देखाइएको छ । दुई शैक्षिक वर्षको कुल आम्दानी २ करोड २३ लाख १ हजार २ सय ३५ रूपया रहेको छ भने वार्षिक औसत आम्दानी १ करोड ११ लाख ५० हजार ६ सय ७ रूपयाँ देखिन्छ । विद्यालयमा प्राप्त हुने आम्दानीको मुख्य स्रोत सरकारी अनुदान रहेको र अन्य स्रोतहरूबाट पनि विद्यालयले आम्दानी गर्ने गरेको पाइन्छ । पछिल्ला दुईवटा वर्षहरूमा बढी २०७८ मा १ करोड १६ लाख १९ हजार २ सय ३५ रूपया र कम २०७७ मा १ करोड ६ लाख ८२ हजार आम्दानी रहेको पाइन्छ । छात्रवृत्ति वापत वार्षिक औषत २ लाख ६२ हजार २ सय रूपया त्यस्तै अभिभावक सहयोग वापत वार्षिक औसत १ लाख ३ हजार ९ सय १७ रूपया र अन्य स्रोत वापत वार्षिक रूपमा १ लाख ६ हजार ५ सय २५ रूपया आम्दानी रहेको देखिन्छ ।

### ४.३.३ विद्यालयको क्षेत्रगत लगानी (Sectoral Investment of the School)

छनोटमा परेका तीनवटै विद्यालयहरूको दुई वटा शैक्षिक वर्षको क्षेत्रगत लगानी विवरणलाई प्राथमिक तथ्यांकको सहायताबाट तालिका ४.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९**

**माध्यमिक तहको क्षेत्रगत लगानी विवरण** (२०७७/०७८-२०७८/०७९)

| शैक्षिक वर्ष | शिक्षक तलब | शैक्षिक क्रियाकलापको खर्च | छात्रवृत्ति | परीक्षा खर्च | मसलन्द | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७७ | ८४१७९०६ | ११३१३५ | २५८९०० | १३८९०२ | १४२२१३ | ९०७१०५६ |
| २०७८ | ८९२३२५२ | ११०७२७ | २६५५१५ | १३४६१५ | १४६००५ | ९५८०११४ |
| जम्मा | १७३४११५८ | २२३८६२ | ५२४४१५ | २७३५१७ | २८८२१८ | १८६५११७० |
| औसत | ८६७०५७९ | १११९३१ | १११९३१ | १३६७५८ | १४४१०९ | ९३२५५८५ |
| औसत प्रतिशत | ९२.९६ | १.२ | २.८१ | १.४६ | १.५४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

छनोट गरिएका विद्यालयको दुई शैक्षिक वर्षको कुल लगानी १ करोड ८६ लाख ५१ हजार १ सय ७० रूपया भएको जसमध्ये वार्षिक औसत ९२.९६% रकम तलब वापत खर्च भएको देखिन्छ । विद्यालयको वार्षिक औसत लगानी ९३ लाख २५ हजार ५ सय ८५ रूपया भएको देखिन्छ । कुल लगानीको १.१९% रकम मात्र अर्थात १ लाख ११ हजार ९ सय ३१ रूपया मात्र औसत रूपमा शैक्षिक क्रियाकलाप वापत खर्च हुने गरेको देखिन्छ । छावृत्ति वापतको रकम पूर्ण रूपमा वितरण भएको छ भने आम्दानी वापत प्राप्त भएको रकमको केही हिंसा भौतिक संरचना निर्माण साथै अन्य पक्षमा खर्च भएको देखिन्छ ।

### ४.३.४ आम्दानी र खर्च विवरण (Income and Expenditure)

छनोट गरिएका तीन वटै विद्यालयहरूको वार्षिक आम्दानि र खर्चको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.१०**

**आम्दानी खर्च विवरण (२०७७-२०७८)**

| शैक्षिक वर्ष | आम्दानि | खर्च | वचत |
|---|---|---|---|
| २०७७ | १०६८२०० | ९०७१०५६ | १६,१०,९४४ |
| २०७८ | ११६१९२३५ | ९५८०१४४ | २०,३९,०९१ |
| जम्मा | १२६८७४३५ | १८६५१२०० | ३६५००३५ |

स्रोत स्थलगत सर्वेक्षण २०७९

प्रस्तुत तालिका ४.१० मा तीन वटै विद्यालयहरूको दुई शैक्षिक वर्षको आम्दानि र लगानिको विवरणलाई देखाइएको छ । विद्यालयले प्राप्त गर्ने आम्दानि र लगानिको विवरणलाई हेर्दा तीन वटै विद्यालयहरूको दुईवटै शैक्षिक वर्षहरूमा वचत रहेको छ । विद्यालयको कूल पूजिगत खर्च १ करोड २६ लाख ८७ हजार ४ सय ३५ रहेको बताएको छ ।

### ४.३.५ शैक्षिक उपलब्धी (Educational Achivement)

शैक्षिक उपलब्धीको अवस्थालाई कक्षा ९-१० र ११-१२ मा अलग-अलग वर्गीकरण गरी छनोट भएका तीनवटा विद्यालयको दुईवटा शैक्षिक वर्षको उपलब्धिलाई तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**सामुदायिक माध्यमिक विद्यालयहरूको SEE को उपलब्धी** (२०७७ र २०७८)

| प्राप्चत ग्रेड / शै. वर्ष | विद्यार्थी संख्या | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | सिंह देवी मा.वि. | | जानकी मा.वि. | | राष्ट्रिय मा.वि. | | | |
| | २०७७ | २०७८ | २०७७ | २०७८ | २०७७ | २०७८ | | |
| ९०-१०० 'A+ | – | | | | | | | |
| ८०-९० A | – | | | | | | | |
| ७०-८० B+ | १ | | | १ | १ | – | ३ | |
| ६०-७० B | ६ | | १ | ३ | १६ | – | २६ | |
| ५०-६० C+ | १५ | ८ | ११ | १० | २६ | ८ | ७९ | १ Absent |
| ४०-५० C | ११ | १२ | ७ | ९ | – | १६ | ५५ | |
| ३५-४० D+ | – | ७ | ६ | ३ | – | ४ | २० | |
| ३५ भन्दा कम Non grade | – | – | – | – | – | – | – | |
| जम्मा | ३३ | २७ | २५ | २५ | ४३ | २८ | १८३ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

तालिका ४.११ मा तीनवटै विद्यालयमा विद्यार्थीहरूले SEE मा प्राप्त गरेको दुईवटा शैक्षिक वर्षको उपलब्धीलाई विभिन्न ग्रेडमा वर्गीकरण गरी देखाइएको छ । उक्त तीनवटै

विद्यालयमा A+ र A ग्रेड ल्याउने विद्यार्थी नभएको र ननग्रेड विद्यार्थी पनि नभएको देखिन्छ । प्राप्त नतिजा अनुसार सबैभन्दा बढी c+ ग्रेड ७९ जना र द्यं ३ जनाले ल्याएको देखिन्छ ।

### ४.३.६ आर्थिक लगानी र शैक्षिक उपलब्धिको तुलना (Comparison between economic Investment and Educational Achivement)

यस अध्ययनका लागि छनोट भएका विद्यालयहरूको दुईवटा शैक्षिक वर्षहरूको आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन गरिएको छ । जसका लागि सरकारी स्रोतबाट गरिएको लगानी र समुदायबाट गरिएको लगानीको अवस्था र सो लगानीको आधारमा भएको शैक्षिक उपलब्धीलाई तालिकाको माध्यमबाट तुलनात्मक विश्लेषण गरिएको छ ।

**तालिका ४.१२**

**माध्यमिक तहको आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलना** (२०७७ र २०७८)

| शैक्षिक वर्ष | सरकारी लगानी | समुदाय (अभिभावक)को लगानी | कुल | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| २०७७ | ७७२३९१२ | ११२७६५ | ७८३६६७७ | १००% Grading |
| २०७८ | ८७०७२४६ | १०६१५१ | ८८२३३९७ | १००% grading |
| जम्मा | १६४३११५८ | २१८९१६ | १६६५००७४ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

प्रस्तुत तालिका ४.१२ मा छनोट भएका विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धीको अवस्थालाई तुलनात्मक विश्लेषण गरिएको छ । शैक्षिक वर्ष २०७७ मा सरकारी र अभिभावक सहयोग वापत कुल ७८ लाख ३६ हजार ६ सय ७७ रूपया लगानी गर्दा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन्, त्यस्तै शैक्षिक वर्ष २०७८ मा सरकारी र अभिभावकको लगानीको कुल रकम ८८ लाख २३ हजार ३ सय ९७ रहेको छ । यस अवधिमा पनि विद्यार्थी शतप्रतिशत उत्तीर्ण भएको देखिन्छ । अतः विद्यार्थीले प्राप्त गरेको ग्रेड

भने २०७७ को तुलनामा २०७८ मा सुधार भएको देखिन्छ । जसलाई पछिल्लो तालिकामा देखाइएको छ ।

### ४.३.७ माध्यमिक तह कक्षा १२ को शैक्षिक उपलब्धी (Educational Achivement on Grade 12)

छनोट भएका सामुदायिक माध्यमिक विद्यालयहरूको कक्षा १२ को शैक्षिक उपलब्धीको लागि दुईवटा शैक्षिक वर्षलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**कक्षा १२ को शैक्षिक उपलब्धी** (२०७७, २०७८)

| प्राप्त ग्रेड / शै. वर्ष | विद्यार्थी संख्या | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सिंह देवी मा.वि. | | जानकी मा.वि. | | राष्ट्रिय मा.वि. | | |
| | २०७७ | २०७८ | २०७७ | २०७८ | २०७७ | २०७८ | |
| ९०-१०० 'A+ | – | | | | | | |
| ८०-९० A | २ | | | | | | |
| ७०-८० B+ | ५ | ६ | – | – | – | | ११ |
| ६०-७० B | १४ | १७ | – | २ | १ | २ | २६ |
| ५०-६० C+ | १९ | २८ | ६ | ७ | ४ | ७ | ४३ |
| ४०-५० C | ७ | २६ | ८ | ५ | ३ | ४ | ४६ |
| ३५-४० D+ | – | ७ | ३ | २ | २ | २ | १६ |
| जम्मा | ९६ | ९० | २८ | २७ | २१ | २७ | २८९ |
| उत्तीर्ण | ४७ | ८४ | १७ | १६ | १० | १५ | १८९ |
| प्रतिशत | ४५.२ | ९३.३ | ६०.७ | ५९.२ | ४७.६ | ५५.५ | ६५.३९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

तालिका ४.१३ मा तीनवटै विद्यालयको कक्षा १२ को परीक्षाको दुई वर्षको नतिजा प्रस्तुत गरिएको छ । औषत उत्तीर्णाङ्क प्रतिशत ६३.२ रहेको छ भने सबैभन्दा बढी श्री सिंहदेवी मा.वि. मा २०७८ को नतिजा ९५.५% भएको पाइयो । विद्यार्थीको उत्तीर्ण संख्यालाई हेर्दा C ग्रेडमा सबैभन्दा बढी ४६ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ भने A+ र A ग्रेड प्राप्त गर्ने विद्यार्थीको संख्या शून्य रहेको देखिन्छ ।

### ४.३.८ आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलना (Comprasion between economic investment and educational achievement)

छनोट भएका विद्यालयहरू मध्ये कक्षा ११-१२ को दुई वटा वर्षको आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलनात्मक विश्लेषण तलको तालिकाबाट गरिएको छ ।

**तालिका ४.१४**

**माध्यमिक कक्षा ११-१२ को आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलना,**

(२०७७/०७८-२०७८/०७९)

| शैक्षिक वर्ष | सरकारी लगानी | समुदाय (अभिभावक)को लगानी | कुल | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| २०७७ | १९४३२०० | ६१२२०५ | २५५५४०५ | ५१.१७ |
| २०७८ | २०२८०० | ६४८३१२ | २६७६३१२ | ६९.३४ |
| जम्मा | ३९७१२०० | १२६०५१७ | ५२३१७१७ | ८०.३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

छनोट गरिएका विद्यालयहरूको दुई शैक्षिक वर्षको लगानीको दर र उत्तीर्ण दरलाई तालिका ४.१४ मा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । शैक्षिक वर्ष २०७७ मा कुल २५ लाख ५५ हजार ४ सय ५ रूपया लगानी गरिएकोमा ७५.६% विद्यार्थी उत्तीर्ण भएका छन् । त्यस्तै २०७८ मा कूल २७ लाख ७६ हजार ३ सय १२ रूपया लगानी गर्दा ८५% उत्तीर्ण भएको पाइन्छ । यसर्थ लगानीमा बृद्धि गर्दा विद्यार्थी उपलब्धी पनि बृद्धि भएको देखिन्छ ।

### ४.४ माध्यमिक तहको शैक्षिक क्षति (Educational Wastage of Secondary Level)

यस अध्ययनका लागि छनोट भएका विद्यालयहरूको शैक्षिक क्षतिको गणनाको लागि कक्षा ९-१० र ११-१२ लाई दुई समुह बनाइ कोहर विधिको माध्यमबाट गणना गरिएको छ । छनोट भएका तीनवटा विद्यालयको शैक्षिक क्षतिलाई तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१५**

**माध्यमिक तहको शैक्षिक क्षति (कक्षा ९-१०)**

| शैक्षिक वर्ष | विद्यालयको नाम | सिंह देवी मा.वि. | | | जानकी मा.वि. | | | राष्ट्रिय मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | ९ | १० | SEE | ९ | १० | SEE | ९ | १० | SEE |
| २०७७ | | ४३ | ३७ | ३७ | २६ | २२ | २२ | २४ | २८ | २८ |
| २०७८ | | ४६ | ४३ | ४३ | ४३ | २६ | २५(१) | २१ | २४ | २३ (१) |
| जम्मा | | ८९ | ८० | ८० | ७९ | ४८ | ४७ | ४५ | ५२ | ५१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

तालिका ४.१५ मा छनोट गरिएका तीनवटै विद्यालयको शैक्षिक क्षतिको गणना गरिएको छ । शैक्षिक वर्ष २०७७ मा कक्षा ९ मा भर्ना भएका विद्यार्थीहरू कक्षा ९ पूरा गरी २०७८ मा कक्षा १० को अन्तिममा लिइने SEE परीक्षा उत्तीर्ण हुँदाको अवस्थालाई देखाइएको छ । उक्त तालिकामा श्री सिंहदेवी मा.वि. मा २०७७ मा कक्षा ९ मा भर्ना भएका ४३ जना विद्यार्थीहरू शत प्रतिशतले २०७८ मा SEE उत्तीर्ण गरेको देखिन्छ भने जानकी मा.वि. र राष्ट्रिय मा.वि. मा २०७७ मा कक्षा ९ मा भर्ना भएका क्रमशः २६ र २४ जना विद्यार्थीहरू मध्ये २०७८ मा कक्षा १० पूरा नगरी १/१ जनाले बिचैमा विद्यालय छोडेको देखिन्छ । विद्यार्थीको शैक्षिक क्षति गणना गर्दा कोहट विधिको प्रयोग गरी तल निम्नानुसार प्रस्तुत गरिएको छ ।

हामीलाई थाहा छ की कुल विद्यार्थी वर्ष = भर्ना भएका विद्यार्थी + कक्षा पूरा गर्ने विद्यार्थी,

त्यस्तै, वास्तविक आगमन, निगमन अनुपात = कुल विद्यार्थी/कुल सफल विद्यार्थी

आदर्श आगमन, निगमन अनुपात = शैक्षिक वर्ष

शैक्षिक क्षति ; वास्तविक आगमन निगमन अनुपात /आदर्श आगमन निगमन अनुपात

आन्तरिक दक्षता = उत्तीर्ण विद्यार्थी संख्या × आदर्श विद्यालय वर्ष /कूल विद्यालय वर्ष

माथिको सुत्रको आधारमा वास्तविक साथै आदर्श आगमन निगमन अनुपात, शैक्षिक क्षति र आन्तरिक दक्षताको बारेमा तीनवटै विद्यालयको अवस्थालाई तल तालिकामा तुलनात्मक विश्लेषण गरिएको छ ।

**तालिका ४.१६**

**वास्तविक आगमन निगमन अनुपात (कक्षा ९-१०)**

| शैक्षिक वर्ष | विद्यालयको नाम | विद्यार्थी संख्या | कक्षा | | | वास्तविक आगमन अनुपात: | आदर्श आगमन अनुपात= | शैक्षिक क्षति |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | १० | SEE | | | |
| २०७७ | श्री सिंह देवी मा.वि | ८० | ४३ | ३७ | ३७ | ८०/८० = १ | २ | ०.५ |
| २०७८ | | – | – | ४३ | ४३ | ८९/८९ = १ | २ | ०.५ |
| २०७७ | जानकरी मा.वि. | २२ | २२ | – | – | ४८/४८ = १ | २ | ०.५ |
| २०७८ | | | – | २२ | २१ | ४६/४५ = १.०२ | २ | ०.५१ |
| २०७७ | राष्ट्रिय मा.वि. | २८ | २८ | – | – | ५७/५७ = १ | २ | ०.५ |
| २०७८ | | | | २८ | २७ | ५५/५४ = १.०१ | २ | ०.५५ |

स्रोत : विद्यालयको रेकर्ड, २०७९

तालिका ४.१६ मा छनोट गरिएका तीनवटै विद्यालयको तुलनात्मक विश्लेषण गरिएको छ । जसमा सिंहदेवी मा.वि. को शैक्षिक क्षति शून्य प्रतिशत र आन्तरिक दक्षता शत प्रतिशत रहेको देखिन्छ भने जानकी मा.वि. को २०७८ र राष्ट्रिय मा.वि.को २०७८ को शैक्षिक क्षति २%, आन्तरिक दक्षता उक्त दुवै विद्यालयको ९८% रहेको देखिन्छ ।

### ४.४.२ माध्यमिक विद्यालय कक्षा ११-१२ को शैक्षिक क्षति (Educational wastage on grade (11-12)

छनोट गरिउका विद्यालयहरूको शैक्षिक क्षति गणनाको लागि यस इकाइमा माध्यमिक तह कक्षा ११-१२ को शैक्षिक सत्र २०७७-२०७८ को भर्ना नतिजा र कक्षा छोड्ने विद्यार्थी आदिलाई आधार बनाइ कोहट विधिको प्रयोग गरी तलको तालिकाबाट तुलनात्मक विश्लेषण गरिएको छ ।

## तालिका ४.१७

## माध्यमिक तह कमक्षा ११-१२ को शैक्षिक क्षति (२०७७-२०७८)

| शैक्षिक वर्ष | विद्यालयको नाम | श्री सिंहदेवी मा.वि. | | जानकी मा.वि. | | राष्ट्रिय मा.वि. | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा | ११ | १२ | ११ | १२ | ११ | १२ |
| २०७७ | वि.सं. | ९६ | ७४ | २७ | ३१ | २८ | ३४ |
| | उत्तीर्ण वि.सं. | ९६ | ५३ | २७ | १२ | २८ | १६ |
| | उत्तीर्ण (%) | १०० | ७१.६२ | १०० | ३८.७ | १०० | ४७ |
| २०७८ | वि.सं. | ६१ | ९६ | ३० | २७ | २९ | २७ (१) |
| | उत्तीर्ण वि.सं. | ६१ | ८४ | ३० | ९ | २९ | ११ |
| | उत्तीर्ण (%) | १०० | ८७.५ | १०० | ३३.३ | १०० | ४०.७ |
| कुल जम्मा | | १५७ | १७० | ५७ | ५८ | ५७ | ७१ |
| औसत उत्तीर्ण प्रतिशत | | १०० | ७४.५ | १०० | ३६ | १०० | ४३.८५ |

स्रोत : विद्यालयको रेकर्ड, २०७९

छनोट गरिएको तीन विद्यालयहरूमा शैक्षिक वर्ष २०७७ मा श्री सिंहदेवी मा.वि.को कक्षा ११ मा ९६ र कक्षा १२ मा ७४ जना भर्ना भई उक्त तह पूरा गरेका छन् त्यस्तै २०७८ मा कक्षा ११ मा ६१ र १२ मा ९६  जना भर्ना भई उक्त तह पार  गरेका छन् । कक्षा ११ मा शतप्रतिशत उत्तीर्ण भएका छन् भने कक्षा १२ मा औसत उत्तीर्णदर ७४.५% रहेको छ । त्यस्तै जानकी मा.वि.मा कक्षा ११ मा शतप्रतिशत विद्यार्थीले उक्त तह पूरा गर्नुका साथै उत्तीर्ण भएका छन् भने राष्ट्रिय मा.वि.मा एकजनाले कक्षा १२ पूरा नगरी बीचैमा विद्यालय छोडेको छ । कक्षा १२ को जानकी र राष्ट्रिय मा.वि.को औसत उत्तीर्ण दर क्रमश: ३६ र ४३.८५ प्रतिशत रहेको छ ।

**सुत्रहरू :**

कुल विद्यार्थी वर्ष = भर्ना भएका विद्यार्थी + कक्षा पूरा गर्ने विद्यार्थी

वास्तविक आगमन-निमगन अनुपात= कुल विद्यार्थी / कुल सफल विद्यार्थी

आदर्श आगमन-निमगन अनुपात = शैक्षिक वर्ष

शैक्षिक क्षति = वास्तविक आगमन-निगमन अनुपात / आदर्श आगमन-निगमन अनुपात

आन्तरिक दक्षता = उत्तीर्ण विद्यार्थी संख्या ×आदर्श शैक्षिक वर्ष/ कुल विद्यार्थी वर्ष

(तीनवटै विद्यालयको कक्षा ११-१२ को तुलनात्मक विश्लेषण २०७७-२०७८)

## तालिका ४.१८

## माध्यमिक तह कक्षा ११-१२ को आगमन निगमन अनुपात (२०७७-२०७८)

| शैक्षिक वर्ष | विद्यालयको नाम | विद्यार्थी संख्या | पास वि.सं. | कक्षा | | वास्तविक आगमन अनुपातः | आदर्श आगमन अनुपात | शैक्षिक क्षति | आन्तरिक दक्षता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ११ | १२ | | | | |
| २०७७ २०७८ | श्री सिंह देवी मा.वि | १७० | १४९ | ९६ | ७४ | १७०/१४९ = १.१४ | १ | १.१४/१ = १.१ | १४९×२/१७० = १.७५ |
| | | १५७ | ८४ | ६१ | ९६ | १५७/८४ = १.८६ | १ | १.८६/१ = १.८ | ८४×२/१५७ = १.०७ |
| २०७७ २०७८ | जानकरी मा.वि. | ५८ | ३९ | २७ | ३१ | ५८/३९ = १.४८ | १ | १.४८/१ = १.४ | ३९×२/५८ = १.३४ |
| | | ५७ | ३९ | ३० | २७ | ५७/३९ = १.६७ | १ | १.६७/१ = १.६ | ३९×२/५७ = १.७ |
| २०७७ | राष्ट्रिय मा.वि. | ६२ | ४४ | २८ | ३४ | ६२/४४ = १.४ | १ | १.४/१ = १.४ | ४४×२/६२ = १.४१ |
| २०७८ | | ५६ | ४० | २९ | २७ (१) | ५६/४० = १.४ | १ | १.४/१ = १.४ | ४०×२/५६ = १.४२ |

स्रोत : विद्यालयको रेकर्ड, २०७९

तालिका ४.१८ मा तीनवटै विद्यालयको शैक्षिक वर्ष २०७७ र २०७८ को कक्षा ११ र १२ को कूल विद्यार्थी, बिचैमा कक्षा छाड्ने, उत्तीर्ण विद्यार्थी, वास्तविक र आदर्श अनुपात, शैक्षिक क्षति, आन्तरिक दक्षता जस्ता पक्षको तुलनात्मक विश्लेषण गरिएको छ । तालिकामा २०७७ मा श्री सिंहदेवी मा.वि. मा कक्षा ११ मा कूल ९६ विद्यार्थी भर्ना भएको र सोही अवधिमा कक्षा १२ मा ७४ जना गरी कुल १७० विद्यार्थी रहेका र यी सबैले उक्त तह पूरा गरेको देखिन्छ । यहाँ वास्तविक आगमन अनुपात १.१४ शैक्षिक क्षति ०.५६ रहेको छ । त्यस्तै गरी २०७८ मा कुल १५७ विद्यार्थी रहेकामा वास्तविक आगमन अनुपात १.८६, शैक्षिक क्षति ०.९३ र आन्तरिक दक्षता १.०७ रहेका छन् । त्यस्तै जानकी मा.वि.मा २०७७ मा कूल ५८ विद्यार्थी रहेका जसमा आगमन अनुपात १.४८ शैक्षिक क्षति ०.७४ र आन्तरिक दक्षता १.३४ रहेको छ भने २०७८ मा कुल विद्यार्थी ५७ रहेका छन् जसमा

आगमन अनुपात १.६७, शैक्षिक क्षति ०.८ र आन्तरिक दक्षता १.७ रहेको छ । श्री राष्ट्रिय मा.वि.मा २०७७ तर्फ कूल ६२ रहेको जसको आगमन अनुपात १.४ शैक्षिक क्षति ०.७ र आन्तरिक दक्षता १.४१ रहेको त्यस्तै २०७८ मा कूल ५६ विद्यार्थी रहेकोमा आगमन अनुपात १.४ शैक्षिक क्षति ०.७ र आन्तरिक दक्षता १.४२ रहेको छ ।

## ४.५ सारांश (Summary)

### शैक्षिक उपलब्धी

छनोट गरिएका तीनवटै विद्यालयहरूको कक्षा ९-१२ को शैक्षिक उपलब्धीलाई हेर्दा श्री सिंहदेवी मा.वि.मा तहगत र विषयगत शिक्षक संख्या तुलनात्मक रूपमा बढी भएको पाइयो । फलस्वरूप विद्यार्थी संख्या पनि बढी देखिन्छन् । त्यस्तै गरी जानकी मा.वि. का तर्फका शिक्षक संख्या साथै विद्यार्थी संख्या कम हुनुका साथै नतिजा पनि कम देखिन्छ । यी दुवै विद्यालयको तुलनामा राष्ट्रिय मा.वि. मा शिक्षक, विद्यार्थी र उपलब्धीको अवस्था मध्यम रहेको देखिन्छ ।

छनोट भएको विद्यालय मध्ये श्री सिंहदेवी मा.वि. मा कक्षा ९-१० तर्फ विषयगत शिक्षकको संख्या पाँच जना र ११-१२ तर्फ तीन जना (दुई सरकारी अनुदान, एक निजी स्रोतबाट) रहेका हुन् । २०७७-२०७८ दुईवटा शैक्षिक वर्षको विद्यार्थीको नतिजालाई हेर्दा २०७७ र २०७८ मा दुई जना ले SEE परीक्षा नदिएको र परीक्षामा सामेल भएका विद्यार्थीहरू शतप्रतिशत उत्तीर्ण भएको पाइन्छ । २०७६ को SEE को नतिजामा ग्रेड A+ ल्याउने कुनै विद्यार्थी नभए पनि ग्रेड B+ ल्याउने ३ जना रहेका छन् B २६ जनाल C+ ७९ जना C ५५ जना D+ २० जनाले ल्याएका हुन् । यस अवधिमा जानकी मा.वि.मा जम्मा २५ जना विद्यार्थी रहेको जसमध्ये १० जनाले C+, ७ जनाले C, ७ जनाले D+ र १ जनाले B ग्रेड ल्याई शतप्रतिशत उत्तीर्ण भएका छन् । त्यस्तैगरी राष्ट्रिय मा.वि.मा जम्मा ४३ जना विद्यार्थी रहेको जसमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । विद्यार्थीको प्राप्ताङ्क सबैभन्दा बढी २७ जनाले C+ ग्रेड क्रमशः १६ जनाले C र १ जनाले B+ प्राप्त गरेका छन् ।

शैक्षिक वर्ष २०७८ मा श्री सिंहदेवी मा.वि.मा कुल २७ जना विद्यार्थी रहेकोमा शतप्रतिशत उत्तीर्ण भएका छन् जसमध्ये सबैभन्दा बढी १२ जनाले C ग्रेड प्राप्त गरेका छन्

त्यस्तै ८ जनाले C र ७ जनाले D+ प्राप्त गरेका छन् । सोही अवधिमा जानकी मा.वि.मा २५ जना विद्यार्थी शतप्रतिशत उत्तीर्ण भएकामा B+ १ जना B ग्रेड ३ जना C+ १० जना C ८ जना D+ ३ जनाले प्राप्त गरेका हुन् । त्यस्तै गरी राष्ट्रिय मा.वि.मा जम्मा २८ जना विद्यार्थी शतप्रतिशत उत्तीर्ण भएकामा ८ जनाले C+ १६ जनाले C र ४ जनाले D+ ल्याएका छन् ।

शैक्षिक सत्र २०७७ र २०७८ मा कक्षा १२ तर्फ कुल २८८ रहेका जसमध्ये १८२ जना अर्थात् ६३.२% विद्यार्थी उत्तीर्ण भएका छन् । शैक्षिक सत्र २०७७ मा श्री सिंहदेवी मा.वि.मा ९६ जना विद्यार्थीमध्ये ४७ जना उत्तीर्ण भएका जसमध्ये सबैभन्दा बढी १९ जनाले C+ ग्रेड क्रमशः १४ जनाले B, ७ जनाले C, ५ जनाले B+ र २ जनाले A ग्रेड प्राप्त गरेका छन् । त्यस्तै २०७८ मा सोही विद्यालयमा ९० जना विद्यार्थीमध्ये ८६ जना अर्थात् ९५% उत्तीर्ण भएकामा सबैभन्दा बढी २८ जनाले C+, २६ जनाले C, १७ जनाले B, ७ जनाले D र ६ जनाले B+ प्राप्त गरेका छन् । त्यस्तै २०७७ मा श्री जानकी मा.वि.मा कुल २८ जना विद्यार्थीमध्ये १७ जना अर्थात् ६०.७% विद्यार्थी उत्तीर्ण भएका छन् । जसमा ८ जनाले C, ६ जनाले C+ र ३ जनाले D+ ग्रेड प्राप्त गरेका छन् । २०७८ मा सोही विद्यालयमा २७ जना विद्यार्थीमध्ये १६ जना उत्तीर्ण भएका छन् जसमा B ग्रेड २ जना क्रमशः C+ ६ जना, C ५ जना D+ २ जनाले प्राप्त गरेका छन् । वि.सं. २०७७ मा श्री राष्ट्रिय मा.वि.मा जम्मा २१ जना विद्यार्थी रहेकोमा १० जना उत्तीर्ण भएका छन् १ जनाले B ग्रेड, ४ जनाले C+, ३ जनाले C र २ जनाले D+ ग्रेड प्राप्त गरेका छन् । त्यस्तै गरी सोही विद्यालयमा २०७८ मा कुल २७ जना विद्यार्थी भएका जसमध्ये १५ जना उत्तीर्ण भएका छन् । यही सबैभन्दा बढी ७ जनाले C+ ग्रेड क्रमशः ४ जनाले C, २/२ जनाले B र D+ ग्रेड प्राप्त गरेका छन् ।

## आम्दानी र खर्च

छनोट गरिएका तीनवटा विद्यालयहरूको आयलाई हेर्दा प्रमुख रूपमा सरकारी अनुदान रहेको छ, त्यसैगरी समुदाय सहयोग, भर्ना शुल्कबाट प्राप्त भएको देखिन्छ । प्राप्त आम्दानी तलब भत्ता, छात्रवृत्ति, परीक्षा खर्च, शिक्षण क्रियाकलापको लागि गरिने खर्चमा वर्गीकरण गरी गरिएको पाइन्छ ।

छनोट गरिएका विद्यालयको दुई शैक्षिक वर्षको कुल आम्दानी २ करोड २३ लाख १ हजार २ सय ३५ रूपया रहेको छ । त्यस्तै लगानी हेर्दा कुल लगानी १ करोड ८६ लाख ५१ हजार १ सय ७० रूपया भएको छ । यस अवधिमा विद्यालयको बचत रकम ३७ लाख ५० हजार ३५ रूपया देखिन्छ । विद्यालयको वार्षिक औसत आम्दानी १ करोड ११ लाख ५० हजार ६ सय ७ रूपया हुन आउँछ भने औसत लगानी ९३ लाख २५ हजार ५ सय ८५ रूपया भएको देखिन्छ ।

विद्यालयको कुल आम्दानी मध्ये तलब वापत सबैभन्दा बढी ९२.९६% रकम खर्च हुने गरेको देखिन्छ । प्राप्त आम्दानीको सानो हिस्सा अर्थात १.२% मात्र रकम शैक्षिक क्रियाकलापको लागि खर्च हुने गरेको देखिन्छ । विद्यार्थी छात्रवृत्ति वापतको २.३५% रकम शतप्रतिशत वितरण हुँदै आएको साथै परीक्षा र मसलन्धको लागि ३.२ प्रतिशत रकम खर्च हुने गरेको देखिन्छ ।

आम्दानी विवरणलाई हेर्दा कुल आम्दानीको ९५.७५% अनुदानबाट प्राप्त हुने गरेको त्यस्तै २.३५% छात्रवृत्ति वापत ०.९३% अभिभावक सहयोग रू. ०.९५% अन्य स्रोत बाट प्राप्त हुने गरेको पाइन्छ ।

छनोट गरिएका विद्यालयहरूको आर्थिक लगानीको अवस्था र शैक्षिक उपलब्धी स्तरलाई हेर्दा माध्यमिक तह कक्षा ९-१० तर्फ राज्यको तर्फबाट राम्रै लगानी भएको र सिकाइ उपलब्धी पनि राम्रो नै भएको देखिन्छ । त्यस्तै गरी कक्षा ११-१२ तर्फ राज्यबाट ज्यादै न्यून लगानी भएको शिक्षक दरबन्दी, भौतिक संरचना, शैक्षिक सामग्री आदि जस्ता आधारभूत पक्षको नै अपुग, अपर्याप्तता रहेको देखिन्छ । फलस्वरूप विद्यार्थीको सहभागिता र उपलब्धि स्तर पनि न्यून रहेको पाइन्छ । राज्यले माध्यमिक शिक्षालाई सर्वसूलभ र निःशुल्क घोषणा गरे पनि सो अनुरूपको लगानी गर्न नसकेको देखिन्छ । माध्यमिक तह कक्षा ११-१२ सञ्चालन भएका विद्यालयमा आधारभूत तहमा अध्यापन गर्ने शिक्षकहरूले पढाइरहेको पाइएको छ । श्री जानकी मा.वि. मा कक्षा ११-१२ मा उक्त तहको लागि कुनै शिक्षक नभएको, त्यस्तै राष्ट्रिय मा.वि.मा एक जना शिक्षक मात्र अनुदान कोटमा रहेका र सिंह देवी मा.वि. मा २ वटा अनुदान दरबन्दी रहेको अन्य शिक्षक विद्यालय आफैले व्यवस्थापन गर्दै आएको देखिन्छ । यसर्थ कक्षा ११-१२ मा विद्यार्थीको सक्रिय सहभागिता नहुनुको साथै नतिजा पनि न्यून हुने गरेको पाइएको छ ।

# अध्याय पाँच (Chapter-Five)

## निष्कर्ष र सुझावहरू (Conclusion and Recommendation)

यस अध्यायमा अध्यानबाट प्राप्त भएका नतिजाहरूको सारांश प्रस्तुत गर्नुका साथै उक्त नतिजाहरूको निष्कर्ष र सुझावहरूलाई पनि प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

यस अध्ययनको मुख्य उद्देश्य माध्यमिक तहको आर्थिक लगानी र शैक्षिक उपलब्धीको विश्लेषण गर्नु रहेकाले छनोट गरिउका तीनवटै विद्यालयको लगानी र उपलब्धीबाट निम्नानुसार निष्कर्ष निकालिएको छ ।

१. छनोट गरिएका तीनवटै माध्यमिक विद्यालयको दुईवटा शैक्षिक वर्ष ०७७-०७८ मा कक्षा ९-१० तर्फ एसइइ मा १८३ जना विद्यार्थी रहेको जस मध्ये १८२ ले एसइइ उत्तीर्ण गरेको पाइयो भने १ जनाले उक्त तह पूरा नगरी विचैमा विद्यालय छाडेको देखिन्छ । त्यस्तै गरी सोही अवधिमा कक्षा ११-१२ तर्फ जम्मा २८९ जना कक्षा १२ मा भर्ना भएका थिए जसमध्ये १ जनाले बिचैमा कक्षा छोडी २८८ जनाले परीक्षा दिएकोमा १८९ जना अर्थात् औसत ६५.३९% उत्तीर्ण भएको देखिन्छ ।

२. उक्त दुई वटै शैक्षिक वर्षमा एसइइमा सामेल भएका विद्यार्थी शैक्षिक उपलब्धीलाई हेर्दा (ग्रेड बृद्धि सहित) शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । उत्तीर्ण विद्यार्थीहरूले ग्रेड A गेड २०७६ मा दुई जनाले ल्याएको पाइन्छ । सो अवधिमा सबैभन्दा बढी ७९ जनाको C ग्रेड आएको पाइन्छ । कक्षा ११-१२ तर्फ उक्त समयावधिमा १२ कक्षा भर्ना भई परीक्षा दिने विद्यार्थी ६५.३९ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । जसमा ग्रेड A+ र A कुनै विद्यार्थीले प्राप्त गरेको देखिँदैन भने B+ ११ जनाले प्राप्त गरेको पाइन्छ सबैभन्दा बढी ४६ जनाले C ल्याएको देखिन्छ ।

३. छनोट गरिएका विद्यालयको दुईवटा शैक्षिक वषको आम्दानी र लगानीको अवस्थालाई हेर्दा वार्षिक औसत आम्दानी १ करोड ११ लाख ५० हजार ६

सय ७ रूपया रहेको र त्यस मध्ये ९५.७५% अनुदान वापत प्राप्त भएको देखिन्छ । त्यस्तै छात्रवृत्ति वापत २.३५ % र अभिभावक सहयोग र अन्य स्रोत वापत २ % प्राप्त भएको छ । प्राप्त आम्दानीको ठूलो हिस्सा तलब वापत खर्च हुने गरेको पाइन्छ । वार्षिक औषत खर्चलाई हेर्दा ९३ लाख २५ हजार ५ सय ८५ रूपया तलब वापत खर्च हुने गरेको छ । यो रकमको ९२.९६% तलब वापत खर्च हुने गरेको २.८% छात्रवृत्ति वापत, १.२ % शैक्षिक क्रियाकलाप वापत खर्च हुनुको साथै ३.१ % परीक्षा र मसलन्ध खर्चको रूपमा लगानी भएको  पाइन्छ । प्राप्त भएको आम्दानीको केही रकम अन्य (भौतिक संरचनामा) खर्च भएको पाइएको छ ।

४. आम्दानी खर्चको तुलना गर्दा उक्त तीन वटा विद्यालयको दुई शैक्षिक वर्षमा ३६ लाख ५ हजार ३५ रूपया वचत भएको छ । विद्यालयको छुट्टा छुट्टै अवस्थालाई हेर्दा श्री सिंहदेवी मा.वि. आर्थिक, शैक्षिक साथै भौतिक रूपमा केही राम्रो अवस्थामा रहेको र अन्य विद्यालयको तुलनामा बचत पनि बढी भएको, त्यस्तै श्री जानकी मा.वि. को अवस्था भने शिक्षक संख्या, भौतिक संरचना साथै आय स्रोत पर्याप्तता नभएको पाइएको छ । श्री राष्ट्रिय मा.वि. को अवस्था भने मध्यम खालको पाइएको छ ।

५. आर्थिक लगानी र शैक्षिक उपलब्धी बिच तुलना गर्दा वि.सं. २०७७ देखि २०७८ सम्म लगानीको बृद्धि दर र शैक्षिक उपलब्धीको बृद्धिदरलाई हेर्दा लगानी अनुरूप उपलब्धी दर बृद्धि भएको नै पाइएको छ । लगानीमा ५.४% ले वृद्धि गर्दा उत्तीर्ण प्रतिशत १६.३% ले वृद्धि भएको छ ।

६. माध्यमिक तह कक्षा ९-१० मा सरकारी अनुदान वापत ९५.७५% उपलब्ध हुने गरेको तर कक्षा ११-१२ तर्फ ४२% मात्र अनुदान प्राप्त भएको छ ।

७. शैक्षिक क्षतिको अवस्थालाई हेर्दा श्री सिंहदेवी मा.वि. को २०७७/७८ मा कक्षा ११-१२ तर्फ १.१४ रहेको छ । त्यस्तै जानकी मा.वि. मा सोही अवधिमा ३ र राष्ट्रिय मा.वि.मा २.५४ रहेको छ ।

८. विद्यालयको शैक्षिक, भौतिक साथै आर्थिक अवस्थालाई हेर्दा माध्यमिक तह कक्षा ९-१० तर्फ श्री सिंहदेवी मा.वि.मा विषयगत रूपमा शिक्षक संख्या ५ जना रहेको कक्षा ११-१२ तर्फ ३ जना शिक्षक रहेको र भौतिक संरचना पनि पर्याप्त नै रहेको पाइएको छ। श्री राष्ट्रिय मा.वि. मा कक्षा ९-१० तर्फ ४ जना शिक्षक दरबन्दी रहेको र कक्षा ११-१२ तर्फ १ जना मात्र शिक्षक दरबन्दी रहेको देखिन्छ । जानकी मा.वि.मा कक्षा ९-१० तर्फ २ जनाको दरवन्दी रहेको तर कक्षा (१-१२) तर्फ कुनै दरवन्दी नरहेको पाइएको छ।

## ५.२ सुझावहरू (Recommendations)

यस अध्ययनबाट प्राप्त भएको तथ्याङ्कलाई व्याख्या विश्लेषण अन्तरक्रिया साथै छलफल पछि एक महत्त्वपूर्ण निष्कर्ष निकालिएको छ । जसले माध्यमिक तहको आर्थिक लगानी र शैक्षिक उपलब्धी सम्बन्धमा विभिन्न पक्षलाई निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

### ५.२.१ नीतिगत तहमा सुझाव (Recommendation for Policy)

माध्यमिक तहमा गरिएको आर्थिक लगानीको अवस्था शैक्षिक उपलब्धि साथै आन्तरिक दक्षता बृद्धि र शैक्षिक क्षतिलाई कम गर्ने व्यवहारिक रूपमै निम्नलिखित नीतिगत सुधार गर्न आवश्यक देखिन्छ।

१. शैक्षिक लगानीको प्रमुख स्रोत सरकार स्वयम् भएकाले लगानी बृद्धि गर्नुको साथै प्रदान गरिएको लगानीलाई मितव्ययी ढंगबाट विभिन्न विधामा वितरण गरिनु पर्दछ।

२. माध्यमिक तह कक्षा ९-१० तर्फ शैक्षिक उपलब्धी (विद्यार्थी उत्तीर्ण) लाई हेर्दा ढिकै भएपनि अधिकांश विद्यार्थीले C+ C D+ ग्रेड प्राप्त गरेको देखिन्छ। जसलाई सुधार गरी विद्यार्थीको क्षमता बृद्धि गर्नु आवश्यक रहेको छ।

३. कक्षा १२ को उपलब्धी निकै न्यून देखिन्छ। राज्यबाट कक्षा ११-१२ को लागि न्यून मात्रमा लगानी गरिनुले पनि उपलब्धीको अवस्था कमजोर रहेको पाइन्छ यसर्थ राज्यबाट लगानी बृद्धि गरिनु पर्दछ।

४. विद्यार्थीहरूले कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरलाई न्यूनिकरण गर्न विद्यार्थीसँग अर्न्तक्रिया गर्नुको साथै शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने पक्षसँग विभिन्न खालका सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

५. सिकाइलाई व्यवहारिक समयसापेक्ष र गुणस्तरीय बनाउनको लागि विद्यार्थीसँग अर्न्तक्रिया गरी विद्यार्थीको धारणा बुझि मागमा आधारित शिक्षालाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । जसका लागि वैज्ञानिक शैक्षिक प्रविधिको प्रयोग गरिनु आवश्यक छ ।

६. विद्यार्थीको पारिवारिक, आर्थिक, शैक्षिक अवस्था बुझी विद्यार्थी छात्रवृत्ति वितरण गरी प्रोत्साहित गरिनु पर्दछ ।

७. विद्यालयमा शैक्षिक साथै अन्य विभिन्न खालका अतिरिक्तक्रियालकपा सञ्चालन गरी विद्यालय र सिकाइप्रति विद्यार्थीलाई प्रोत्साहित गरिनु पर्दछ ।

### ५.२.२ व्यावहारिक तहमा सुझाव (Recommendation to practice Level)

माध्यमिक तहको शैक्षिक क्षति न्यून गर्नको लागि निम्न सुझाव प्रस्तुत गरिएको छ ।

१. माध्यमिक तहमा गरिने आर्थिक लगानी बृद्धि गरी विषयगत शिक्षकको व्यवस्था गरिनुको साथै शिक्षकलाई तालिमको प्रबन्ध गरिनु आवश्यक छ ।

२. विद्यार्थीहरूको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने कारण बुझी यस्ता समस्यालाई समाधान गर्ने उपायहरू खोजी गर्नु पर्दछ ।

३. विद्यार्थीलाई समय सापेक्षित व्यवहारिक शिक्षाको सुनिश्चितता प्रदान गरी प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि अग्रसर गराउन सक्नु पर्दछ ।

४. विद्यार्थीहरूलाई सहज रूपमा शिक्षण गर्ने वातावरण विद्यालयमा प्रदान हुनुपर्दछ, जसका लागि विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, शैचालय, पुस्तकालय, प्रयोगशाला आदिको उचित व्यवस्था हुनुपर्दछ ।

### ५.२.३ भावी अनुसन्धानको सुझाव (Recommendation to future Research)

यस अध्ययनमा माध्यमिक तहको आर्थिक लगानी र शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन गरिएको छ । अनुसन्धान कर्ताले भविष्यमा अनुसन्धान गर्दा शैक्षिक क्षतिलाई आधार बनाइ गर्न सक्नेछन् ।

१. यस अध्ययनले माध्यमिक तहको शैक्षिक क्षति बृद्धि हुनुको कारण र यसको न्यूनिकरणका उपायलाई समावेश गरेको छैन तसर्थ यस विषयलाई आधार बनाइ थप अध्ययन गर्न सकिनेछ ।

२. यस अध्ययनमा सामुदायिक माध्यमिक विद्यालय आर्थिक लगानी र शैक्षिक उपलब्धीको अवस्थालाई विश्लेषण गरिएको छ । यसका अलवा सामुदायिक र संस्थाागत विद्यालयको अध्ययन गर्न सकिने छ ।

३. यस अध्ययनमा ग्रामीण तथा पहाडी क्षेत्रमा रहेका माध्यमिक विद्यालयको विश्लेषण गरिएको छ भने हिमाली, तराइ क्षेत्र वा शहरी क्षेत्रमा रहेका विद्यालयलाई आधार बनाइ थप अनुसन्धान गर्न सकिनेछ ।

# सन्दर्भ सूची


अधिकारी, मोतीराम (२०६९), *माध्यमिक तहमा आर्थिक लगानी र आन्तरिक दक्षता बिचको सम्बन्ध,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, विष्णुप्रसाद (२०७३), *शैक्षिक निरीक्षण र नेपालमा शिक्षा,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि. ।

अर्थ मन्त्रालय (२०७६), *आर्थिक सर्वेक्षण २०७६/०७७,* काठमाडौँ : अर्थ मन्तालय, नेपाल सरकार ।

कोइराला, सीताराम (२०७५), *माध्यमिक शिक्षक परीक्षा दिग्दर्शन,* काठमाडौँ : एम.के पब्लिकेसन ।

खनाल, अविशेक (२०७४), *माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, आस्था (२०७४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनसाइज पब्लिकेशन ।

खरेल, गायत्रीप्रसाद (२०७६), *सामुदायिक माध्यमिक शिक्षामा लगानी र शैक्षिक उपलब्धि अध्ययन, देवदह न.पा.,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, दिपा (२०६८), *उच्च माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

*जि.वि.श. इलामको पार्श्वचित्र, २०७४, इलाम ।*

थापा, वमबहादुर (२०७०), *माध्यमिक तहमा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, महेशराज (२०७०), *शिक्षा र विकासको अर्थशास्त्र,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

पौडेल, मिनराज र सिवाकोटी, ध्रुवराज (२०७३), *शिक्षाको अर्थशास्त्र,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

*फाक्फोकथुम गाउँपालिकाको रातो किताब, २०७९,* फाक्फोकथुम गा.पा., इलाम ।

बुदुजा, चन्द्रकुमारी (२०६३), *माध्यमिक विद्यालयमा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, गायत्रा (२०७३), *माध्यमिक तहमा आर्थिक लगानी र शैक्षिक उपलब्धि, झापा जिल्ला,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

राष्ट्रिय शिक्षा आयोग (२०७३), *रा.शि.आ.को प्रतिवेदन,* काठमाडौँ : रा.शि.आ. ।

राष्ट्रिय योजना आयोग (२०६७), *त्रिवर्षीय योजनाको आधारपत्र,* काठमाडौँ : रा.यो.आ ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०६७), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौँ : भुडीपुराण प्रकाशन ।

शर्मा, निलकुमार (२०६७), *विकास र शिक्षाको अर्थशास्त्र,* काठमाडौँ : पैरवी प्रकाशन ।

शुन्चा, रोश्ना (२०७५), सार्वजनिक वस्तुका रूपमा शिक्षा, *शिक्षा मासिक,* वर्ष ११ पूर्णाङ्क १२९, पुस पृ. २५ ।

शिक्षा विभाग (२०६७), *शैक्षिक स्मारिका,* सानोठिमी, भक्तपुर : शिक्षा मन्त्रालय, नेपाल सरकार ।

सापकोटा, कामना (२०७३), *माध्यमिक तह पूरा नगरी बालबालिकाले बिचैमा विद्यालय छोड्ने कारणहरू,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

सिंह, मृगेन्द्रलाल (२०७२), *नेपालको शैक्षिक क्षति,* काठमाडौँ : राष्ट्रिय शिक्षा समितिको कार्यालय ।

सुब्बा, वविता (२०७५), *आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

## अनुसूची १

## प्रश्नावलीको निर्माण

प्रस्तुत शोध प्रस्तावना निर्माणका लागी शिक्षक, विद्यार्थी, प्रधानाध्यापक र विद्यालय प्रशाशनको राय बुझ्नलाई केही प्रश्नावली निर्माण गरी राय संकलन गरिएको छ ।

### शिक्षकका लागि प्रश्नावली

**विद्यालयको नाम :**

**शिक्षकको नाम :** **सेवा अवधि :**

१) सबै विद्यार्थीका लागि समयमै पाठ्यपुस्तक उपलब्ध भएको छ ?

.....................................................................................................

२) विद्यालयमा विद्यार्थीको उपस्थिति के कस्तो हुने गरेको छ ?

.....................................................................................................

३) विद्यार्थीको उपस्थिति वृद्धि गर्न के कस्ता कृयाकलाप गर्न हुन्छ ?

.....................................................................................................

४) विद्यार्थीलाई शैक्षिक क्रियाकलापमा सकृय गराउन के कस्ता कार्य गराउनु हुन्छ ?

.....................................................................................................

५) सिकाई सहजीकरण को लागी शैक्षिक सामाग्रीको उपलब्धता के कस्तो रहेको छ ?

.....................................................................................................

६) विद्यार्थीहरूले बिचैमा कक्षा छोड्ने र दोहोर्‍याउने दर के कस्तो रहेको छ ?

.....................................................................................................

७) विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था कस्तो रहेको छ ?

.....................................................................................................

८) विद्यार्थीको उपलब्धि स्तर थप सुधार गर्न के कस्ता क्रियाकलाप संचालन गर्न सकिन्छ ?

..........................................................................................................

९) शिक्षकहरूलाई शिक्षक तालिमको अवसर कस्तो रहेको छ ?

..........................................................................................................

१०) विद्यालयको शैक्षिक अवस्था सुधार गर्न तपाईंको कुनै नवीनतम धारणा भए कृपया बताइदिनुन ।

..........................................................................................................

## अनुसूची २

## विद्यार्थीका लागि प्रश्नावली

**विद्यार्थीका लागी संरचित ढाँचाका प्रश्नावली तयार गरिएको छ ।**

१) घरबाट विद्यालय कति टाढा रहेको छ ?

(क) ३० मिनेटभन्दा कम ख) ३० मिनेटभन्दा बढी

२) तिम्रो बाबा आमा के व्यवसाय गर्नुहुन्छ ?

(क) कृषि (ख) व्यापार

(ग सरकारी जागिर (घ) अन्य

३) पारिवारिक अवस्थाले विद्यालय जान र अध्ययन गर्न कुनै समस्या भएको छ ?

(क) छ (ख) छैन

४) तिमी नियमित विद्यालय जाने गर्छौ ?

क) नियमित जान्छु ख) कहिलेकाही जान्छु

५) विद्यालयमा शिक्षकले तिमीलाई कस्तो व्यवहार गर्नु हुन्छ ?

क) माया गर्नुहुन्छ ख) गाली गर्नुहुन्छ

६) शिक्षक हरूले कक्षा कोठामा पुरा समय सम्म अध्यापन गराउनु हुन्छ ?

क) हुन्छ ख) हुदैन

७) शिक्षक हरूले नियमित गृहकार्य दिने र जाँच गर्ने गर्नु हुन्छ ?

क) नियमित दिनुहुन्छ ख) कहिलेकाहि दिनुहुन्छ

८) तिमीलाई विद्यालयमा साथी संग पढ्न मन पर्छ कि घरमा एक्लै पढ्न मन पर्छ ?

क) विद्यालयमा साथी संग ख) घरमा एक्लै

९) तिम्रो विद्यालयमा शिक्षकले शिक्षण गर्दा शैक्षिक सामाग्रीको प्रयोग गर्नु हुन्छ कि हुदैन ?

क) हुन्छ ख) हुदैन

१०) शिक्षकले शिक्षण गर्दा बढी कुन विधिको प्रयोग गर्नुहुन्छ ?

(क)

(ख)

(ग)

११) विद्यालयमा छात्रर छात्रा शौचालय एउटै छ कि फरक(फरक रहेको छ ?

क) एउटै ख) फरक-फरक

१२) विद्यालयमा विद्यार्थीको लागी पुस्तकालय छ कि छैन ?

क) छ ख) छैन

१३) तिमी विद्यालयको शैक्षिक वातावरण प्रति सन्तुष्टि छौ ?

क) छु ख) छैन

१४) विद्यालयमा अतिरिक्त क्रियाकलाप हुन्छ ?

क) कहिलेकाहि हुन्छ ख ) नियमित हुन्छ

१५) विद्यालयले के कस्ता कार्यक्रम ल्याए सिकाइ थप प्रभावकारी हुन्थ्यो जस्तो लाग्छ ?

(क)

(ख)

(ग)

## अनुसूची ३

## प्रधानाध्यापकका लागी प्रश्नावली

**विद्यालयको नाम :**

**प्रधानाध्यापक नाम :**

१) विद्यालयमा विद्यार्थीको उपस्थितिको दर कस्तो रहेको छ ?

.....................................................................................................

२) विद्यालयमा शिक्षकको उपलब्धताको अवस्था कस्तो छ ?

.....................................................................................................

३) विद्यालयमा पाठ्यपुस्तक साथै अन्य शैक्षिक सामाग्रीको पर्याप्तता कस्तो रहेको छ ?

.....................................................................................................

४) विद्यालयले विद्यार्थीलाई सिकाइप्रति पुनर्वल प्रदान गर्न कस्तो कार्यक्रम अवलम्बन गरेको छ ?

.....................................................................................................

५. विद्यालयले विद्यार्थीको क्षमता वृद्धि गर्न के कस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ ?

.....................................................................................................

६) विद्यार्थीलाई प्रधान गरिएको छात्रवृत्ति वितरण गर्दा कस्ता पक्षलाई आधार मानी वितरण गर्दै आउनुभएको छ ?

.....................................................................................................

७) छात्रवृत्ति, शैक्षिक पुनर्वल जस्ता पक्षहरूले विद्यार्थीको सिकाइ उपलब्धिमा कति प्रभाव पार्दोरहेछ ?

.....................................................................................................

८) विद्यालयको जग्गा, भवन आफ्नै या भाडामा लिई संचालन गर्नुभएको छ ?

.....................................................................................................

९) विद्यार्थीको उत्तिर्ण दर कस्तो रहेको छ ?

..........................................................................................................

१०) विद्यार्थीको उत्तिर्ण दर प्रति सन्तुष्टी हुनुहुन्छ ?

..........................................................................................................

११) विद्यालयमा आवश्यक पर्ने खर्चको लागि आयका स्रोतहरू के के छन् ?

..........................................................................................................

१२. विद्यालयलाई आर्थिक अवस्थाको कारणले शैक्षिक गतिविधिमा कुनै समस्या रहेका छन् ?

(क) छ (ख) छैन

छन् भने के कस्ता समस्या रहेका छन् ?

(क) ..................................................................................................

(ख) ..................................................................................................

(ग) ..................................................................................................

१३. आर्थिक लगानी अनुरूप विद्यार्थीको सिकाइ उपलब्धि कत्तिको सन्तोषजनक रहेको छ ?

..............................................................................................

१४) तपाईको विद्यालयमा भएको खास खास समस्या हरू के के हुन् ?

क) ......................................................................................................

ख) ......................................................................................................

ग) ......................................................................................................

१५) विद्यालयका समस्या लाई समाधान गर्न के कस्ता उपाय अवलम्बन गर्न सकिएला ?

..........................................................................................................

## अनुसूची ४

## विद्यालय प्रसासनका लागी प्रश्नावली

**विद्यालयको नाम :**

**फोन नं. :**

१) शैक्षिक भर्ना अभियान अन्तर्गत के कस्ता कार्यक्रम संचालन गर्दै आउनु भएको छ ?

.....................................................................................................

२) विद्यालयका सबै विद्यार्थी लाई समयमै पाठ्यपुस्तक उपलब्ध हुने गरेको छ ?

.....................................................................................................

३) विद्यार्थीको सहभागिता वृद्धी गर्न विद्यालयले के कस्ता कार्यक्रम आयोजना गर्दै आएको छ ?

.....................................................................................................

४) माध्यमिक तह को उतिर्ण दर कति रहेको छ ?

.....................................................................................................

५) माध्यमिक तहमा कक्षा छोड्ने र दोहोर्‍याउने दर कति कति रहेको छ ?

.....................................................................................................

६) विद्यालयमा गरिएको आर्थिक लगानीअनुरूप शैक्षिक उपलब्धि स्तर कस्तो रहेको छ ?

.....................................................................................................

७) विद्यालय संचालन गर्न आवश्यक खर्चको स्रोतहरू के के हुन् ?

.....................................................................................................

८) विद्यार्थीहरूलाई विद्यालयमा नियमित उपस्थित गराउन के कस्ता कार्यक्रम संचालन गर्दै आउनुभएको छ ?

.....................................................................................................

९)	विद्यार्थीको शैक्षिक अवस्थाको विवरणका लागी अभिभावक संग अन्तर्क्रिया कार्यक्रम कति कति समयमा संचालन गराउनु हुन्छ ?

.............................................................................................

१०)	विद्यालय संचालन साथै अन्य व्यवस्थापनको लागि समुदायको सहयोग कत्तिको रहँदै आएको छ ?

.............................................................................................

११)	समुदाय र विद्यालय बिचको सम्बन्ध सुमधुर बनाउनलाई के कस्तो कार्यक्रम गर्दै आउनुभएको छ ?

.............................................................................................

## अनुसूची-५

## लक्षित समूह छलफल निर्देशिका

१. समान पृष्ठभूमि भएका व्यक्तिबाट समुह निर्माण गर्ने ।

२. प्रश्न निर्माण गर्दा खुल्ला प्रश्न निर्माण गर्ने ।

३. छलफलका लागि समय निर्धारण गर्ने ।

४. नोटटेकरको व्यवस्था मिलाउने ।

५. छलफलबाट प्राप्त प्रश्न, प्रतिप्रश्न, उत्तरलाई टिपोट गर्दै जाने ।

७. प्राप्त प्रश्नहरूको विश्लेषण गर्दै निष्कर्ष निकाल्ने ।

**लक्षित समूहका लागि प्रश्नावली**

१. शैक्षिक क्षति क मगर्न के गर्नु पर्दछ ?

२. लगानी अनुरूप शैक्षिक उपलब्धी प्राप्त भएको छ ?

३. शैक्षिक उपलब्धी बृद्धि गर्न के गर्नु उपयुक्त हुन्छ ?

## अनुसूची ६

## माध्यमिक विद्यालय कूल विद्यार्थी संख्या २०७९

| विद्यालयको नाम | श्री सिंहदेवी मा.वि. | श्री जानकी मा.वि. | श्री राष्ट्रिय मा.वि. | जम्मा |
|---|---|---|---|---|
| कक्षा | १३ | ९ | १२ | ३४ |
| एक | ११ | ८ | १३ | ३२ |
| दुई | १४ | ११ | १२ | ३७ |
| तीन | १४ | १० | १३ | ३७ |
| चार | १५ | ११ | १२ | ३८ |
| पाँच | १८ | १४ | १५ | ४७ |
| छ | १८ | १५ | १६ | ४९ |
| सात | २३ | १९ | २३ | ६५ |
| आठ | ३५ | २४ | २६ | ८५ |
| नौ | ३८ | २४ | २६ | ८८ |
| दश | ६३ | १३ | १६ | ९२ |
| एघार | ९६ | २७ | ३३ | १५६ |
| बाह्र | ३५८ | १८५ | २१७ | ७६० |
| जम्मा | | | | |

स्रोत : विद्यालय हाजिरी, २०७९

## अनुसूची ७

## माध्यमिक तहको विद्यार्थी प्रवाह दर (२०७७-२०७८)

| शैक्षिक वर्ष | कक्षा | भर्ना संख्या | उत्तीर्ण | उत्तीर्ण % | बिचैमा कक्षा छोड्ने | कक्षा दोहोऱ्याउने |
|---|---|---|---|---|---|---|
| २०७७ | नौ | १०१ | १०१ | १०० | – | – |
| | दश | १०१ | १०० | ९९.०९ | १ | – |
| | एघार | १४६ | १४५ | ९९.३१ | १ | – |
| | बाह्र | १४५ | ८१ | ५५.८६ | – | – |
| | जम्मा | ४९३ | २२७ | ८८.५७ | २ | – |
| २०७८ | नौ | ८० | ८० | १०० | – | – |
| | दश | ८० | ८० | १००% | – | – |
| | एघार | १४५ | १४४ | ९९.३१ | १ | – |
| | बाह्र | १४४ | ११७ | ८१.२५ | – | – |
| | जम्मा | ४४९ | ४२१ | ९३.७६ | १ | – |
| कुल जम्मा | | ९४२ | ६४८ | ६८.७९ | ३ | – |
| औषत | | ४७१ | ३२४ | ६८.१७ | १.५ | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

# अनसूची-८

## माध्यमिक विद्यालयको आम्दानी विवरण

| शैक्षिक वर्ष | विद्यालयको नाम | | | | विद्यालयको नाम | | | | विद्यालयको नाम | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्री सिंहदेवी मा.वि. | | | | जानकी म.वि. | | | | राष्ट्रिय मा.वि. | | | | |
| | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग | अन्य | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग | अन्य | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग | अन्य | |
| २०७७ | ३९८८५०० | १०४११२ | ३२६०५ | ३३१८५ | ३००२९८५ | ६०९१५ | ३४१९५ | ३९२१५ | ३२३०७१५ | ९३८७३ | ३२६०० | ३१९२५ | १०६८२०० |
| २०७८ | ४२१२२०० | १०६७२५ | ३५१६० | ३४४०० | ३१८५६१० | ६४७२० | ३७०५५ | ४०१०० | ३७३५९४० | ९४०५५ | ३७०२० | ३६२५० | ११६१९२३५ |
| जम्मा | ८२००७०० | २१०८३७ | ६७७६५ | ६७५८५ | ६१८८५९५ | १२५६३५ | ७१२५० | ७९३१५ | ६९६६६५५ | १८७९२८ | ६९६२० | ६८१७५ | १२६८७४३५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

# अनसूची-९

## आर्थिक लगानी विवरण

| शैक्षिक वर्ष | विद्यालयको नाम | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्री सिंहदेवी मा.वि. | | | | जानकी म.वि. | | | | राष्ट्रिय मा.वि. | | | |
| | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग | अनुदान | छात्रवृत्ति | अभिभावक सहयोग |
| २०७७ | ३४२७२१५ | १०४११२ | ४५०६३ | १०९४०५ | २४१२३१५ | ६०९१५ | २९१९५ | ८५३२७ | २५७८२७६ | ९३८७३ | ३८८७७ | ८६३८३ |
| २०७८ | ३६१०७५३ | १०६७२५ | ४३९१३ | १०८७१३ | २५२२१०० | ६४७२० | २८६०७ | ८४९२२ | २७९०३९९ | ९४०५५ | ३९२०७ | ८६९८५ |
| जम्मा | ७०३७९५८ | २१०८३७ | ८८९७६ | २१८११८ | ४९३४४१५४ | १२५६३५ | ५७८०२ | १७०२४९ | ५३६८६७५ | १८७९२८ | ७८०८४ | १७३३६८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७९

# अनुसुची-१०

## अनुपात गणनाका औजारहरु

१. आर्दश आगमन निगमन अनुपात (Ideal input output ration) or (Ideal school year)= कूल भर्नादर चक्रिय शैषिक वर्ष/कूल सफल विद्यार्थी संख्या

२. वास्तविक आगमन निगमन अनुपात (Actual Input Outpur ratio) or (Agerage school year) = कूल विद्यार्थी वर्ष/कूल सफल विद्यार्थी संख्या

३. शैक्षिक अनुपात (Educational wastage ratio)

= वास्तविक आगत- निर्गत अनुपात

―――――――――――――――

आदर्श आगत- निर्गत अनुपात

४. आन्तरिक दक्षता (Internal Efficiency)

= उत्तीर्ण विद्यार्थी संख्या × आदर्श विद्यालय

―――――――――――――――

कूल विद्यालय वर्ष

## अनुसूची-११

## लक्षित समूह छलफल निर्देशिका

१. छलफल गर्नु पूर्व विद्यालयका निश्चित पदाधिकारीको समूह निर्माण गर्नु पर्दछ ।

२. यसरी समूह निर्माण गर्दा समुहका सदस्यहरू एउटै पृष्ठभूमिका हुनु पर्दछ ।

३. छलफलका लागि उपयुक्त स्थानको निर्धारण गर्नु पर्दछ ।

४. एक जना नोट टेकरको छनोट गर्ने र छलफलमा आएका प्रश्न साथै उत्तरहरू टिपोट गर्दै जाने र अन्त्यमा व्याख्या विश्लेषण गर्ने ।

**लक्षित समूहका लागि तयार गरिएका प्रश्नावली**

१. विद्यार्थीले बिचैमा कक्षा छाड्नुको कारण के के हुन् ?

२. शैक्षिक उपलब्धी बृद्धि गर्न के कस्ता क्रियाकलाप गर्न सकिन्छ ?

३. लगानी अनुरूप उपलब्धी भएको छ/छैन ?

४. विद्यार्थीहरूको सहभागि बृद्धि गर्न कस्ता कार्यक्रम गर्न सकिन्छ ?

५. विद्यार्थीको क्षमता अभिबृद्धि गर्न कस्ता सामग्री प्रयोग गर्न सकिन्छ ?

## एसइइ र कक्षा बाह्रको नतिजा

| SEE | ग्रेड | | | | | | | | १२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साल | A+ | A | B+ | B | C+ | C | D+ | NG | साल | A+ | A | B+ | B | C+ | C | D+ | NG |
| २०७७ | | | | | | | | | २०७७ | | | | | | | | |
| २०७८ | | | | | | | | | २०७८ | | | | | | | | |
| २०७९ | | | | | | | | | २०७९ | | | | | | | | |

## विद्यालयको भौतिक संरचना

| भवन | कक्षाकोठा | शिक्षक संख्या | डेक्वेन्च | शौचालय | पुस्तकालय | प्रयोगशाला | खेलमैदान | पानी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## सामुदायिक माध्यमिक विद्यालयको आम्दानी २०७७ देखि २०७८

| आम्दानीको स्रोत | शैक्षिक वर्ष | |
|---|---|---|
| | २०७७ | २०७८ |
| सरकारी अनुदान | | |
| छात्रवृत्ति | | |
| अभिभावक सहयोग | | |
| अन्य | | |
| जम्मा | | |

## सामुदायिक माध्यमिक विद्यालयको लगानी विवरण २०७७-२०७८

| लगानी विवरण | शैक्षिक वर्ष | |
|---|---|---|
| | २०७७ | २०७८ |
| शिक्षक तलब | | |
| शैक्षिक क्रियाकलाप | | |
| छात्रवृत्ति | | |
| परीक्षा खर्च | | |
| मसलन्ध | | |
| जम्मा | | |

**माध्यमिक विद्यालयको विद्यार्थी भर्नादर २०७७-२०७८**

| शैक्षिक वर्ष | कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| २०७७ | ९ | | | |
| | १० | | | |
| | ११ | | | |
| | १२ | | | |
| २०७८ | ९ | | | |
| | १० | | | |
| | ११ | | | |
| | १२ | | | |

## माध्यमिक तहको विद्यार्थी प्रवाहदर २०७७-२०७८

| शैक्षिक वर्ष | कक्षा | भर्ना संख्या | उत्तीर्ण | कक्षा छाड्ने | कक्षा दोहोऱ्याउने |
|---|---|---|---|---|---|
| २०७७ | ९ | | | | |
| | १० | | | | |
| | ११ | | | | |
| | १२ | | | | |
| २०७८ | ९ | | | | |
| | १० | | | | |
| | ११ | | | | |
| | १२ | | | | |